यौनशिक्षा-४

# आयुर्वेद आदि
# उपदंश (भिरिङ्गी रोग)

**सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा**

## विषयसूची

## उपदंश रोग : पारिभाषा र लाग्ने कारण
## (Soft chancre, Venereal disease)

(क) **के.यन.स्वामी :** (१) उपदशं रोग : भिरिङ्गी रोग ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) उपदंश : लिङ्गको छाला वा टोप्रामा ससाना बिमिरा निस्कने एक प्रकारको सरुवा रोग; भिरङ्गी । (२) उपदंशी : उपदंश रोगले पीडित; भिरङ्गगे । (३) पाग्मा : सेतो फुल्ने, आयुर्वेदमा शक्तिवर्धक र भिरङ्गी रोग निको हुने गुण बताइएको एक बुटी । (४) फिरङ्ग : गर्मीले वा वेश्यासँगका समागमबाट गुप्ताङ्गमा हुने एक रोग; भिरङ्गी । (५) फिरङ्गी : फिरङ्ग रोग लागेको व्यक्ति । (६) भिरङ्गी : भिरिङ्गी । (७) भिरिङ्गी : रक्तविकारले जननेन्द्रियमा खटिरा आउने एक सङ्क्रामक रोग; गर्मीखटिरो; भिरङ्ग; भिरुङ्गी; भिरङ्गी । (८) भिरुङ्गी : भिरिङ्गी भिरिङ्गी; भिरङ्गी । (९) सुजाक : अलि जलन हुने मूत्रेन्द्रियको रोग; भिरङ्गी ।

(ग) **भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**हस्ताभिघातान्नखदन्तपातादधावनादत्यतिसेवनाद्वा ।**
**योनिप्रदोषाच्च भवन्ति शिश्ने पञ्चोपदंशा विविधापचारैः ॥**

हातले जननेन्द्रिय माड्नाले, नङ वा दाँतको चोट लाग्नाले, राम्ररी सफा नगर्नाले, नियम विपरीत अधिक मैथुन गर्नाले, खराब स्त्री–जननेन्द्रियमा गरिने सहवासले तथा शरीरले नसहने खालका अनेक थरी खानपिन गर्नाले पुरुष जननेन्द्रियमा पाँच किसिमका उपदंश नामका रोग हुन्छन् ।



(ग) **भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :**

**तिर्यग्योनावयोनौ वा दुष्टयोनौ तथैव च । उपदंशस्तथा वायोः कोपः शुक्रसुखक्षयः ॥**

पशुलाई मैथुन गर्नाले, योनि बाहेकका अङ्गमा मैथुन गर्नाले र खराव जननेन्द्रिय भएकी स्त्रीसँग मैथुनमा संलग्न हुनाले उपदंश र वातका रोग हुनुका साथै वीर्य र सुख पनि नाश हुन्छ ।

(घ) **योग रत्नाकर**

**मेढ्रसन्धौ व्रणाः केचित्केचित्सर्वाश्रयास्तथा ॥ कुलत्थाकृतयः केचित्केचित्पद्मदलोपमाः ।**
**रुजानाहार्तिबहुलास्तृष्णाक्लेदसमन्विताः ॥ स्त्रीणां पुंसां च जायन्ते उपदंशाश्च दारुणाः ॥**

कुनै खटिरा पुरुष जननेन्द्रियको जोर्नीमा हुन्छ भने कुनै खटिरा सबै जोर्नीमा आउने गर्दछ । ती खटिरामध्ये केही गहतका आकारका त केही कमलका पत्तीजस्ता हुन्छन् । यसले पीडा र सुजन धेरै हुन्छ । तिर्खा लाग्दछ र घाउबाट तरल पदार्थ बगिरहन्छ । यस्तो उपदंश रोग स्त्री र पुरुष दुवैलाई

हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

**तत्रातिमैथुनादतिब्रह्मचर्याद्वा तथाऽतिब्रह्मचारिणीं चिरोत्सृष्टां रजस्वलां दीर्घरोमां कर्कशरोमां सङ्कीर्णरोमां निगूढरोमामल्पद्वारां महाद्वारामप्रियामकामामचौक्षसलिलप्रक्षालितयोनिमप्रक्षालितयोनिं योनिरोगोपसृष्टां स्वभावतो वा दुष्टयोनिं वियोनिं वा नारीमत्यर्थमुपसेवमानस्य तथा करजदशनविषशूकनिपातनाद्बन्धनाद्धस्ताभिघाताच्चतुष्पदीगमनादचौक्षसलिलप्रक्षालनादवपीड नाच्छुक्रवेगविधारणान्मैथुनान्ते वाऽप्रक्षालनादिभिर्मेढ्रमागम्य प्रकुपितादोषाः क्षतेऽक्षते वा श्वयथुमुपजनयन्ति तमुपदंशमित्याचक्षते ॥**

अति धेरै सहवास गर्नाले; अति ब्रह्मचारिणी (सहवासबाट अति निवृत्त हुनाले स्त्री जननेन्द्रिय कठोर र साँघुरो भएकी), कहिलेकाहीँ मात्र सहवासमा संलग्न हुने, रजस्वला, लामो रौँ हुने, खस्रो रौँ हुने, बाक्लो रौँ हुने, भित्रतिर छिरेकाले नदेखिने रौँ भएकी, खुम्चिएको वा सानो मुख भएको जननेन्द्रिय भएकी, जननेन्द्रियको मुख अति ठूलो भएकी, माया नगर्ने, सहवासको चाहना नगर्ने, अपवित्र रहने, पानी बगेर जननेन्द्रिय दूषित भइरहेकी, जनननेन्द्रिय सफा नगर्ने, जननेन्द्रियमा रोग भएकी र प्राकृतिकरूपमा वातविकार आदिले दूषित जननेन्द्रिय भएकी स्त्रीलाई सहवास गर्नाले; स्त्री जननेन्द्रिय बाहेकका भागमा सहवास गर्नाले, स्त्रीको अति सेवन गर्नाले तथा नङ, दाँत, विष, भुसिलकीरा आदिले; सिवाँलीले बाँध्नाले, हातको चोटले, पशुलाई मैथुन गर्नाले, अपवित्र पानीले जननेन्द्रिय सफा गर्नाले, थिच्नाले, वीर्य र मूत्रको वेग रोक्नाले, सहवास पछि जननेन्द्रिय सफा नगर्नाले आदि जस्ता कारणले उत्तेजित र विकृत भएको वात आदि विकार पुरुष जननेन्द्रियमा आई घाउ सहितको वा घाउ नभएको सुजन निकाल्दछ । यसलाई "उपदंश" भनिन्छ ।

(च) **हंसराज निदान :**

**हस्तस्य घातात्करजस्य पाताद्दन्तस्य दंशात्तृणकाष्ठलग्नात् ।**
**दुष्टस्त्रियो योनिविकारसेवनात्पञ्चोपदंशाः प्रभवन्ति शिश्ने ॥१॥**

हातको चोटले, नखले कोतरेर, दाँतको टोकिएर, छेस्का काठ आदिले लागेर तथा गलत स्वभावकी खराब जननेन्द्रिय भएकी स्त्रीसँग ग्राम्यधर्ममा संलग्न भएर पुरुषको जननेन्द्रियमा पाँच प्रकारका उपदंश रोग उत्पन्न हुने गर्दछ ।

## उपदंश रोगका प्रकारहरू

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**... उपदंशोऽत्र पञ्चधा । पृथग्दोषैः सरुधिरैः समस्तैश्च, ...।**

पुरुषको जननेन्द्रियमा हुने उपदंश रोग वातविकारजन्य, पित्तविकारजन्य, कफविकारजन्य, रक्तविकारजन्य र त्रिदोषजन्य गरी पाँच किसिमको हुन्छ ।

**(ख) शार्ङ्गधर संहिता :**

**मेढ्रे पञ्चोपदंशाः स्युर्वातपित्तकफैस्त्रिधा ॥ सन्निपातेन रक्ताच्च...।**

पुरुषको जननेन्द्रियमा हुने उपदंश रोग पाँच प्रकारका हुन्छन् । वात, पित्त, कफ, सन्निपात र रगतजन्य ।

**(ग) सुश्रुत संहिता :**

**स पञ्चविधस्त्रिभिर्दोषैः पृथक् समस्तैरसृजा चेति ॥**

उपदंश तीन दोषले हुने, सबै दोष मिलेर हुने र रक्तविकारले हुने गरी पाँच प्रकारका हुन्छन् ।

(चरक संहितामा बताइएको ध्वजभङ्ग नपुंसकतासँग यो रोग करिब करिब मेल खान्छ)

## उपदंशलाई पाक्न नदिनू



**(क) अष्टाङ्ग सङ्ग्रह :**

**उपदंशेषूत्पन्नमात्रेषु पाकपरिहारार्थं मेढ्रमध्ये सिरां विध्येत् ।**
**उभयतश्चास्य विधिवद्दोषानपहरेद्विशेषतो विरेचनेन ॥ तदयोग्यस्य त्वत्युच्छ्रितानास्थापनेन ॥**
**यथादोषं चालेपसेकादीनविरतं विदध्यात् ।**
**एवं सद्य एव रुक्तोदशोफरागसंरम्भा निवर्तन्ते ॥**

भिरिङ्गी रोग देखिनासाथ पाक्नबाट जोगाउन पुरुषको जननेन्द्रियको बीचमा रहेको नसाबाट रगत निकाल्नू । शरीरमा रहेका दोष बाहिर निकाल्न तल (विरेचन) र माथि (वमन) दुवै उपाय प्रयोग गर्नू । विशेष गरी विरेचनको प्रयोग गर्नू । वमन र विरेचन गराउन नसकिने खालका रोगीलाई आस्थापन वस्ति दिनू । त्यसपछि दोष अनुसारका लेप दल्ने, सेक्ने वा पखाल्ने आदि कार्य गर्नू । यसो गर्नाले पीडा, सुजन, रातोपन र गम्भीरता तुरुन्त रोकिन्छ ।

**न च याति यथा पाकं प्रयतेत तथा भृशम् ।**
**पक्वैः स्नायुसिरामांसैः प्रायो नश्यति हि ध्वजः ॥**

जे गर्दा पाक्दैन त्यो प्रयाश गर्नू । किन कि नसा, ठूला नसा र मासु पाक्न थालेमा पुरुषको जननेन्द्रिय नै नष्ट हुन्छ ।

**(ख) अष्टाङ्ग हृदय :**

**सामान्यं साधनमिदं प्रतिदोषं तु शोफवत्॥**
**न च याति यथा पाकं प्रयतेत तथा भृशम्। पक्वैः स्नायुसिरामांसैः प्रायो नश्यति हि ध्वजः॥**

यो सामान्य उपचार विधि हो। हरेक दोष अनुसार सुजनको उपचार गर्नू। जे गर्दा पाक्दैन त्यो प्रयाश गर्नू। किन कि नसा, ठूला नसा र मासु पाक्न थालेमा पुरुषको जननेन्द्रिय नै नष्ट हुन्छ।

**(ग) गरुड महापुराण :**

**ध्वजमध्ये शिरावेधे विशुद्धिरुपदंशके। पाको रक्ष्यः प्रयत्नेन शिश्नायकरो हि सः॥**

भिरिङ्गी रोगमा पुरुषको जननेन्द्रियको बीच भागमा नसा प्वाल पारी रगत बगाउनू। हरेक उपाय गरी जननेन्द्रियलाई पाक्न नदिनू।

**(घ) चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर :**

**स्निग्धस्विन्नशरीररस्य ध्वजमध्ये शिराव्यधः।**
**जलौकापातनं वा स्यादूर्द्धाधः शोधनं तथा॥**
**सद्यो निर्जि(र्ह्र)तदोषस्य रुक्शोथावुपशाम्यतः।**
**पाको रक्ष्यः प्रयत्नेन शिश्नक्षयकरो हि सः॥**



उपदंश रोगमा पहिले रोगीलाई चिल्ला पदार्थ पिउन लगाएर त्यसपछि पसिना निकाल्ने कार्य गराउनू। त्यसपछि जननेन्द्रियको बीच भागको नसा काटेर अथवा जूका लगाएर रगत बाहिर बगाउनू। त्यपछि बान्ता गराई दिसा लगाउने कार्य गर्नू। यसरी उपचार गरी दोष शान्त भएपछि रोगीलाई हुने पीडा र सुजन तुरुन्त शान्त हुन्छ। जे गर्दा सुन्निएको जननेन्द्रिय पाक्दैन त्यसतर्फ विशेष प्रयाश गर्नुपर्दछ। किन कि पाक्न थालेमा जननेन्द्रिय नै नाश हुन्छ।

**(ङ) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**पाको रक्ष्यः प्रयत्नेन शिश्नक्षयकरो हि सः॥**

जुनसुकै उपाय अपनाएर भएपनि उपदंशलाई पाक्न नदिनू, पाकेपछि जननेन्द्रिय नाश हुन्छ।

**(च) योग रत्नाकर**

**स्निग्धस्विन्नस्य तेष्वादौ ध्वजमध्ये शिराव्यधः। जलौकापातनं वा स्यादूर्ध्वाधः शोधनं तथा॥**

रोगीलाई पहिले चिल्लो खुवाएर पसिना निकाल्नू। त्यसपछि जननेन्द्रियको बीचमा नसा प्वाल पारेर

अथवा जूकाले टोकाएर रगत निकाल्नू । त्यसपछि बान्ता गराउने र दिसा लगाउने कार्य गरी शरीरलाई शोधन गर्नू ।

**सद्योऽपहृतदोषस्य रुक्शोफावुपशाम्यतः । पाको रक्ष्यः प्रयत्नेन शिश्नक्षयकरश्च सः ॥**

यसरी उपचार गरी दोष शान्त भएपछि रोगीलाई हुने पीडा र सुजन तुरुन्त शान्त हुन्छ । जे गर्दा सुन्निएको जननेन्द्रिय पाक्दैन त्यसतर्फ विशेष प्रयाश गर्नुपर्दछ । किन कि पाक्न थालेमा जननेन्द्रिय नै नाश हुन्छ ।

(छ) **रसरत्नाकर :**

**पाको रक्ष्यः प्रयत्नेन शिश्नक्षयकरो हि सः ॥**

जे गर्दा सुन्निएको जननेन्द्रिय पाक्दैन त्यसतर्फ विशेष प्रयाश गर्नुपर्दछ । किन कि पाक्न थालेमा जननेन्द्रिय नै नाश हुन्छ ।

(ज) **वैद्यरहस्य :**

**उपदंशेषु सर्वेषु स्निग्धस्विन्नस्य देहिनः । मेढ्रमध्ये शिरां विध्येत्पातयेद्वा जलौकसः ॥**
**सद्यो निहन्ति दोषस्य रुक्छोथावुपशाम्यतः । पाको निवार्यो यत्नेन शिश्नक्षयकरश्च यत् ॥**

सबै खालका उपदंश रोगमा रामैरी चिल्लो खाएर पसिना निकाली जननेन्द्रियबाट नसा प्वाल पारी रगत निकाल्नू अथवा जूकालाई टोकाएर रगत निकाल्नू । किन कि रगतको विकार बाहिर निस्केपछि तत्काल दुख्न र सुन्निन बन्द हुन्छ । यो रोगलाई पाक्न नदिनू । पाकेमा जननन्द्रिय नै नाश हुने डर हुन्छ ।

(झ) **सुश्रुत संहिता :**

**न याति च यथा पाकं प्रयतेत तथा भिषक् । विदग्धैस्तु सिरास्नायुत्वङ्मांसैः क्षीयते ध्वजः ॥**

जेगर्दा पाक्दैन वैद्यले त्यो उपाय गर्नू । किन कि पाकेपछि सिरा स्नायु छाला र मासु सड्न थाल्दछ र जननेन्द्रिय नाश हुन थाल्दछ ।

## उपदंश रोगको प्रारम्भिक उपचार

(क) **अष्टाङ्ग हृदय :**

**मेढ्रमध्ये सिरां विध्येदुपदंशे नवोत्थिते । शीतां कुर्यात् क्रियां शुद्धिं विरेकेण विशेषतः ॥**

**तिलकल्कघृतक्षौद्रैर्लेपः पक्वे तु पाटिते ।**

भर्खर आएको उपदंश रोगमा पुरुष जननेन्द्रियको बीचमा रहेको नसा प्वाल पार्नू । चिसो ओखतीको लेप दल्नू । सेक्ने आदि कार्य गर्नू । विशेषगरी विरेचन गराई प्रशोधन गराउनू । पाकेका चिरेर तिलको लेप मह र र घिउ मिसाएर दल्नू ।

**(ख) भावप्रकाश संहिता :**

**उपदंशे रक्तपित्ते रक्तस्रावः प्रशस्यते॥**
**एषु रोगेषु शृङ्गैर्वा जलौकाऽलाबुकैरपि । अथवाऽपि सिरामोक्षैः कारयेद्रक्तपातनम्॥**

उपदंश, रक्तपित्त आदि रोगमा पुरुषको जननेन्द्रियबाट रगत बाहिर निकाल्नु धेरै उत्तम उपाय हुन्छ । यी रोगमा सिङ, जूका, लौका आदिका माध्यमले वा नसा काटेर रगत बाहिर निकाल्नू । बृहत्कूष्माण्ड अवलेहले उपदंश रोगमा लाभ दिन्छ ।

**(ग) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**उपदंशेषु साध्येषु स्निग्धस्विन्नस्य देहिनः । मेढ्रमध्ये शिरां विध्यात्पातयेद्वा जलौकसः॥**

उपचार गर्न सकिने अवस्थाको उपदंश रोगमा रोगीलाई स्नेहन र स्वेदन गराई उसको जननेन्द्रियको बीचमा रहेको नसा छेडी अथवा जूकाले टोकाएर रगत निकाल्नू ।

**हरेदुभयतश्चापि दोषानत्यर्थमूर्च्छितान् । सद्यो निर्हृदोषस्य रुक्शोथावुपशाम्यतः॥**

वान्ता गराउने र दिसा लगाउने ओखती खुवाएर रोगीका दोषलाई नाश गर्नू । तुरुन्त विकार नाश गर्न सकिए रोगीलाई हुने पीडा र सुजन शान्त हुन्छ ।

**यदि वा दुर्बलोजन्तुर्न वा प्राप्तविरेचनः । निरूहेण हरेत्तस्य दोषानत्यर्थमूर्च्छितान्॥**

उपदंशको जुन् रोगी कमजोर छ अथवा विरेचन गराउन योग्य छैन उसका व्यापक भएका विकारलाई निरूहवस्तिका माध्यमबाट नाश पार्नू ।

**(घ) रसरत्नाकर :**

**स्निग्धस्विन्नशरीररस्य ध्वजमध्ये सिराव्यधः । जलौकः पातनं वा स्यादूद्ध्वाधः शोधनं तथा॥१॥**
**सद्यो हि हृतदोषस्य रुक्शोथावुपशाम्यतः ।**

उपदंश रोगमा पहिले रोगीलाई चिल्ला पदार्थ पिउन लगाएर त्यसपछि पसिना निकाल्ने कार्य गराउनू । त्यसपछि जननेन्द्रियको बीच भागको नसा काटेर अथवा जूका लगाएर रगत बाहिर

बगाउनू । त्यपछि बान्ता गराइ दिसा लगाउने कार्य गर्नू । यसरी उपचार गरी दोष शान्त भएपछि रोगीलाई हुने पीडा र सुजन तुरुन्त शान्त हुन्छ ।

## (ङ) शार्ङ्गधर संहिता :

**उपदंशे ... रक्तस्रावः प्रशस्यते॥**

उपदंशको रोगमा रोगीका शरीरबाट वैद्यले रगत निकाल्नू । यी रगत निकाल्न योग्य रोगी हुन् ।

## (च) सुश्रुत संहिता :

**उपदंशेषु साध्येषु स्निग्धस्विन्नस्य देहिनः । सिरां विध्येन्मेढ्रमध्ये पातयेद्वा जलौकसः॥**
**हरेदुभयतश्चापि दोषानत्यर्थमुच्छ्रितान् । सद्योऽपहृतदोषस्य रुक्शोफावुपशाम्यतः॥**
**यदि वा दुर्बलो जन्तुर्न वा प्राप्तं विरेचनम् । निरूहेण हरेत्तस्य दोषानत्यर्थमुच्छ्रितान्॥**

उपचार गर्न सकिने अवस्थाको उपदंश रोगमा रोगीलाई स्नेहन र स्वेदन गराई उसको जननेन्द्रियको बीचमा रहेको नसा छेडी अथवा जूकाले टोकाएर रगत निकाल्नू । वान्ता गराउने र दिसा लगाउने ओखती खुवाएर रोगीका दोषलाई नाश गर्नू । तुरुन्त विकार नाश गर्न सकिए रोगीलाई हुने पीडा र सुजन शान्त हुन्छ । उपदंशको जुन् रोगी कमजोर छ अथवा विरेचन गराउन योग्य छैन उसका व्यापक भएका विकारलाई निरूहवस्तिका माध्यमबाट नाश पार्नू ।



**एवं संशोधनालेपसेकशोणितमोक्षणैः । प्रतिकुर्यात् क्रियायोगैः प्राक्स्थानोक्तैर्हितैरपि॥**
**शस्त्रेणोपचरेच्चापि पाकमागतमाशु वै । तदाऽपोह्य तिलैः सर्पिःक्षौद्र युक्तैः प्रलेपयेत्॥**
**करवीरस्य पत्राणि जात्यारग्वधयोस्तथा । प्रक्षालने प्रयोज्यानि वैजयन्त्यर्कयोरपि॥**

यसरी संशोधन, लेप, पखाल्ने कार्य, रगत बगाउने कार्य आदि उपचार गरेपछि चिकित्सा तथा सूत्रस्थानमा बताइएको मिश्रक विधिले नपाकेको उपदंशको उपचार गर्नू । पाकेमा तुरुन्त चिरफार गर्नू । त्यसपछि पीप हटाएर घिउ, मह र तिलको लेप दल्नू । करवीरका पात, चमेलीका पात र राजवृक्षका पात अनि गिनेरी र आँकका पातको काँढापानीले घाउ पखाल्ने गर्नू ।

# कफविकारजन्य उपदंशको लक्षण

## (क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

**श्लेष्मणा कठिनः स्निग्धः कण्डूमान् शीतलो (कण्डूमाञ्छीतलो) गुरुः ।**

कफविकारजन्य उपदंशमा गुप्ताङ्ग कडा, चिल्लो, चिलाउने, चिसो र भारी हुने गर्दछ ।

**(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर :**

**सकण्डुरैः शोथयुतैर्महद्भिः शुक्लैर्घनैः स्रावयुतैः कफेन ।**

जुन उपदंशको खटिरा वा घाउ चिलाउने, सुन्निने, ठूलो, सेतो, बाक्लो र तरल पदार्थ बगिरहने खालको हुन्छ त्यो कफविकारले हुने उपदंश हो ।

**(ग) वङ्गसेन आयुर्वेद :**

**सकण्डरैः शोथयुतैर्महद्भियुक्तैर्घनैः स्रावयुतैः कफेन ।**

जुन उपदंशको खटिरा वा घाउ चिलाउने, सुन्निने, ठूलो, सेतो, बाक्लो र तरल पदार्थ बगिरहने खालको हुन्छ त्यो कफविकारले हुने उपदंश हो ।

**(घ) सुश्रुत संहिता :**

**श्लैष्मिके श्वयथुः कण्डूमान् कठिनः स्निग्धः श्लेष्मवेदनाश्च ।**

कफविकारजन्य उपदंशमा सुन्निने, चिलाउने, कडा हुने, चिल्लोपना र कफजन्य पीडाहरू हुने लक्षण देखिन्छ ।

**(ङ) हंसराज निदान :**

**वैद्योपदेशं कफसम्भवं हि तं जानीहि कण्डूपिटिकाभिराश्रितम् ।**
**शोफाधिकं पाण्डुरवर्णशीतलं स्निग्धं गरिष्ठं पिशिताङ्कुरान्वितम् ॥**

हे वैद्य ! चिलाउने, खटिरा आउने, धेरै सुन्निने, पहेँलो रङको तथा चिसो, चिल्लो र भारी खालका टुसा हुने उपदंशलाई कफविकारले हुने उपदंश भनी जान्नू ।

## कफजन्य उपदंश रोगको उपचार

**(क) अष्टाङ्ग सङ्ग्रह :**

**धवसालाश्वकर्णाजकर्णत्वग्भिः कफोत्थितम् । सुरापिष्टभिरुष्णाभिः सतैलाभिः प्रलेपयेत् ॥**
**रजन्यतिविषामुस्तसरलामरदारुभिः । सपत्रपाठापत्तूरैरथवा श्लेष्मसम्भवम् ॥**

नपाकेको कफजन्य उपदंश रोगमा धयैँरोको बोक्रा, साल, अश्वकर्ण, अजकर्णको बोक्रा, सुरा र तातो

तेल मिसाएर बनाइएको लेप अथवा हलेदो, अतीस, नागरमोथे, सल्लो, देवदारु, तेजपात, गुन्द्रगानु र जल महुवाको लेप दल्नू ।

**(ख) भावप्रकाश संहिता, वङ्गेन आयुर्वेद :**

**शालाजकर्णाश्वकर्णधवत्वग्भिः कफोत्थितम् । सुरापिष्टाभिरुष्णाभिः सतैलाभिः प्रलेपयेत्॥**

साल, विजयसाल, बाँझ वा फलाँट र बडधयैँरोका बोक्रा सुरामा पिसेर तातो तेलमा मिसाई लेप दल्नाले कफविकारले हुने उपदंश नाश हुन्छ ।

**आरग्वधादिक्वाथेन परिषेकञ्च दापयेत्॥**

आरग्वधाादिगणका ओखतीको काँढापानीले पखाल्ने गर्नाले कफविकारजन्य उपदंश नाश हुन्छ ।

**(ग) सुश्रुत संहिता :**

**सालाश्वकर्णाजकर्णधवत्वग्भिः कफोत्थितम्॥**
**सुरापिष्टाभिरुष्णाभिः सतैलाभिः प्रलेपयेत् । रजन्यतिविषामुस्तासुरसासुरदारुभिः॥**
**सपत्रपाठापत्तूरैरथवा संप्रलेपयेत् । सुरसारग्वधाद्योश्च क्वाथाभ्यां परिषेचयेत्॥**



कफविकारजन्य उपदंशमा साल, बाँझ वा फलाँट, विजयसाल र बडधयैँरोको बोक्रा सुरामा पिसेर तताई लेप दल्ने गर्नू । अथवा हलेदो, अतीस, नागरमोथे, तुलसी, देवदार, तालिसपत्र, गुन्द्रगानु र पाखरीको लेप दल्नू । सारसादि गण वा आग्वधादिगणका ओखतीको काँढापानीले पखाल्ने गर्नू ।

## पित्तविकाजन्य उपदंशका लक्षण

**(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**पक्वोदुम्बरसङ्काशः(शं) पित्तेन श्वयथुर्घनः (श्वयथुर्ज्वरः)॥**

पित्तविकारजन्य उपदंशमा पाकेको डुम्री जस्तो रातो भएर गुप्ताङ्ग सुन्निन्छ र जरो समेत आउँदछ ।

**(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**पीतैर्बहुक्लेदयुतैः सदाहैः पित्तेन ...।**

जुन उपदंश पहेँलो, धेरै चिसोपन भएको, डाह गर्ने र रातो हुन्छ त्यो पित्तविकारले हुने उपदंश हो ।

(ग) **सुश्रुत सांहेता :**

**पैत्तिके ज्वरः श्वयथुः पक्वोदुम्बरसङ्काशस्तीव्रदाहः क्षिप्रपाकः पित्तवेदनाश्च ।**

पित्तविकारजन्य उपदंशमा जरो आउने, पाकेको डुम्री जस्तो रङ हुने, कडा डाह हुने, चाँडै पाक्ने र अन्य पित्तजन्य पीडा हुने लक्षण देखिन्छ ।

(घ) **हंसराज निदान :**

**पित्तोपदंशं तमवेहि नूनं तीव्रार्तिदाहं पिशितावभासम् ।**
**विशीर्णमांसं पिटिकाभिषिक्तं शिश्नान्तरे गर्तमतीवरौद्रम् ॥**

धेरै दुख्ने, मासुको जस्तै रङका, मासु छरिएको हुने र जननेन्द्रियको भित्री भाग गाढा र भारी हुने उपदंशलाई पित्तविकारले आउने उपदंश भनिन्छ ।

## पित्तजन्य उपदंश रोगको उपचार

(क) **अष्टाङ्ग सङ्ग्रह :**



**गैरिकाञ्जनमञ्जिष्ठामधुकोशीरपद्मकैः । सचन्दनोत्पलैः शीतैर्घृताढ्यैः पित्तसम्भवम् ॥**

पित्तजन्य नपाकेको उपदंशमा गेरु, रसाञ्जन, मजिठो, जेठीमधु, खस, पैयुँ, चन्दन, नीलकमल र घिउ मिसाएर बनाइएको चिसो लेप दल्ने गर्नू ।

**पद्मोत्पलमृणालैर्वा ससर्जार्जुनवेतसैः । सेचयेच्च घृतक्षीरशर्करेक्षुमधूदकैः ॥**

अथवा कमल, नीलकमल, कमलको डाँठ, विजयसाल, काउलो, वेत, घिउ, दूध, चिनी, उखु र मह मिसाईको पानीले पखाल्ने गर्नू ।

(ख) **चक्रदत्त, भावप्रकाश संहिता, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**पद्मोत्पलमृणालैश्च ससर्जार्जुनवेतसैः । सर्पिः स्निग्धैः समधुकैः पैत्तिकं सम्प्रलेपयेत् ॥**

कमल र नीलकमलको डाँठ, सालको बोक्रा, काउलोको बोक्रा, वेत र जेठीमधुको लेपमा घिउ मिसाएर लेप दल्नाले पित्तविकारजन्य उपदंश नाश हुन्छ ।

**सेचयेच्च घृतक्षीरशर्करेक्षुमधूदकैः । अथवाऽपि सुशीतेन कषायेण वटादिना ॥**

घिउ, दूध, मिश्री, उखु, मह र पानी मिश्रित काँढापानीले पखाल्ने गरिएमा पित्तविकारजन्य उपदंश नाश हुन्छ । अथवा वटादि गणको राम्ररी सेलाएको काँढापानीले पखाल्ने गर्नाले पनि पित्तविकारजन्य उपदंश नाश हुन्छ ।

## (ग) भावप्रकाश संहिता :

**गैरिकाञ्चनमञ्जिष्ठा मधुकोशीरपद्मकैः । सचन्दनोत्पलैः स्निग्धः पैत्तिकं सम्प्रलेपयेत्॥**

गेरु, रसाञ्जन, मजिठो, जेठीमधु, खस, पैयुँ, चन्दन र नीलकमल पिसी लेप दल्नाले पित्तविकारजन्य उपदंश नाश हुन्छ ।

## (घ) योग रत्नाकर :

**गैरिकाञ्जनमञ्जिष्ठामधुकोशीरपद्मकैः । सचन्दनोत्पलैः स्निग्धैः पेयः पित्तोपदंशहा॥**

पित्तजन्य नपाकेको उपदंशमा गेरु, रसाञ्जन, मजिठो, जेठीमधु, खस, पैयुँ, रक्तचन्दन र नीलकमल मिसाएर काँढापानी पकाउनू र घिउ आदि चिल्लो मिसाएर पिउन दिनू । पित्तजन्यउपदंश नाश हुन्छ ।

## (ङ) रसरत्नाकर :



**गैरिकाञ्जनमञ्जिष्ठामधुकोशीरपद्मकैः । सचन्दनोत्पलैः स्निग्धैः पैत्तिकं सम्प्रलेपयेत्॥**

गेरु, रसाञ्जन, मजिठो, जेठीमधु, खश, पैयुँ वा पिर्रे, चन्दन र नीलकमल पिसेर चिल्लो मिसाई पित्तजन्य उपदंशमा दल्नु पर्दछ ।

## (च) सुश्रुत संहिता :

**गैरिकाञ्जनयष्ट्याह्वसारिवोशीरपद्मकैः॥ सचन्दनोत्पलैः स्निग्धैः पैत्तिकं संप्रलेपयेत् ।**
**पद्मोत्पलमृणालैश्च ससर्जार्जुनवेतसैः॥**
**सर्पिःस्निग्धैः समधुकैः पैत्तिकं संप्रलेपयेत् ।**
**सेचयेच्च घृतक्षीरशर्करेक्षुमधूदकैः॥**
**अथवाऽपि सुशीतेन कषायेण वटादिना ।**

पित्तविकारजन्य उपदंशमा गेरु, रसाञ्जन, जेठीमधु, अनन्तमूल, खस, पैयुँ, चन्दन र कमल घिउमा मिसाएर लेप दल्नू । कमल, नीलकमल, कमलको डाँठ, सालधूप, काउलो, अम्लवेत र जेठीमधु घिउमा मिसाएर लेप दल्नू । घिउ, दूध, चिनीको सर्वत, उखुको रस र मह मिसाएर पकाइएको काँढापानीले पखाल्ने गर्नू । अथवा बर आदि दुधालु वृक्षको अति सेलाएको काँढापानीले पखाल्ने गर्नू ।

## वातविकारजन्य उपदंशको लक्षण

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**... अत्र मारुतात्॥ मेढ्रशोफो रुजश्चित्राः स्तम्भस्त्वक्परिपोटनम् ।**

वातविकारजन्य उपदंशमा गुप्ताङ्ग सुन्निन्छ, अचम्म खालको पीडा हुन्छ, लाटोपन हुन्छ र छाला फुल्दछ ।

(ख) **भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**सतोदभेदस्फुरणैः सकृष्णैः स्फोटैर्व्यवस्येत्पवनोपदंशम् ।**

जुन उपदंशमा आउने खटिरा सियोले घोचे जसरी चसचस दुख्दछ, हतियारले काटे जस्तो पीडा हुन्छ, फरफराउँदछ र हल्का कालोपनले युक्त हुन्छ त्यो वातविकारले हुने उपदंश हो ।

(ग) **सुश्रुत संहिता :**

**तत्र वातिके पारुष्यं त्वक्परिपुटनं स्तब्धमेढ्रता परुषशोफता विविधाश्च वातवेदनाः ।**



वातविकारजन्य उपदंशमा कठोरता, छाला फाट्ने, जननेन्द्रिय लाटो हुने, कडा भएर सुन्निने तथा वातजन्य अन्य पीडाहरू हुने गर्दछ ।

(घ) **हंसराज निदान :**

**वातोपदंशो बहुवेदनान्वितो विस्फोटसूक्ष्मैः स्फुरणैस्तु कृष्णभैः ।**
**युक्तः सतोदैः किल जायते नृणां शिश्नस्य वाह्योपरितोऽन्तरेऽनिशम्॥**

वातविकारले हुने उपदंश रोगमा धेरै दुख्दछ तथा पुरुष जननेन्द्रियको भित्र र बाहिर वरिपरि तेजिला काला काला रङ्का ससाना खटिरा निस्कने र दुख्ने गर्दछ ।

## वातजन्य उपदंश रोगको उपचार

(क) **अष्टाङ्ग सङ्ग्रह :**

**... वातिकं तु प्रलेपयेत् । अपक्वं कुष्ठयष्ट्याह्वसुरदारुपुनर्नवैः ॥**
**स्निग्धोष्णैर्लोहसरलरास्नापुण्ड्राह्वसंयुतैः । अथवा निचुलैरण्डबीजगोधूमचिक्कसैः ॥**

नपाकेको वांतिक उपदंशमा कूट, जेठीमधु, देवदार र पुनर्नवा मिसाएर बनाइएको चिल्लो र तातो लेपमा लोहभस्म, सल्लाको खोटो, फ्याक्सेकन्द र कमल अथवा पर्बते बेत, अँडिरका बीज, गहुँ र जौको पीठो मिसाएर लेप बनाई प्रयोग गर्नू ।

(ख) **चक्रदत्त, रसरत्नाकर :**

**प्रपौण्डरीकं मधुकं रास्ना कुष्ठं पुनर्नवा । सरलागुरुभद्राह्वैर्वातिके लेपसेचने॥**

प्रपौण्डरीक (धूपीविशेष), जेठीमधु, फ्याक्सेकन्द, कुट, पुनर्नवा, सल्लाको खोटो, अगर, र देवदार पिसेर वातजन्य उपदंशमा दल्नु पर्दछ ।

(ग) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**प्रपौण्डरीकयष्ट्याह्वसरलागुरुदारुभिः । सरास्नाकुष्ठपृथ्वीकैर्वातिके लेपसेचने॥**
**निचुलैरण्डबीजानि यवगोधूमसक्तवः । एतैश्च वातजं स्निग्धैः सुखोष्णैः सम्प्रलेपयेत्॥**

वातविकारले हुने उपदंशमा धूपी, जेठीमधु, देवदार, अगर, देवदार, फ्याक्सेकन्द, कूट र अलैंची पिसेर लेप दल्नू र यिनै ओखतीको काँढापानीले पखाल्ने गर्नू । नीम, अँडीरका गेडा, जौ र गहुँको पिठो पिसेर त्यसमा घिउ मिसाएर चिल्लो पारी केही तताएर लेप दल्नाले वातविकारले हुने उपदंश नाश हुन्छ ।



(घ) **योग रत्नाकर :**

**सपौण्डरीकैर्मधुकरास्नाकुष्ठपुनर्नवैः । सरलागुरुभद्राख्यैर्लेपो वातोपदंशहा॥**

धूपीविशेष, जेठीमधु, फ्याक्सेकन्द, कुट, पुनर्नवा, सल्लाको खोटो, अगर र देवदार (वा भद्रमोथे वा इन्द्रजौ) पानीमा पिसेर वातजन्य उपदंशमा दल्नु पर्दछ । रोग नाश हुन्छ ।

(ङ) सुश्रुत संहिता :

**प्रपौण्डरीकयष्ट्याह्ववर्षाभूकुष्ठदारुभिः ।**
**सरलागुरुरास्नाभिर्वातजं संप्रलेपयेत्॥**
**निचुलैरण्डबीजानि यवगोधूमसक्तवः ।**
**एतैश्च वातजं स्निग्धैः सुखोष्णैः संप्रलेपयेत्॥**
**प्रपौण्डरीकपूर्वैश्च द्रव्यैः सेकः प्रशस्यते ।**

वातविकारजन्य उपदंशमा धूपी, जेठीमधु, पुनर्नवा, कूट, देवदार, सल्लाको खोटो, अगर र फ्याक्सेकन्दको लेप दल्नू । नीम, अँडीरका गेडा, जौ र गहुँको पिठो पिसेर त्यसमा घिउ मिसाएर चिल्लो पारी केही तताएर लेप दल्नाले वातविकारले हुने उपदंश नाश हुन्छ । यो रोगमा धूपीविशेष आदि ओखती हालेको काँढापानीले पखाल्नु उत्तम हुन्छ ।

## त्रिदोषजन्य उपदंशको लक्षण

**(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**सर्वजे सर्वलिङ्गत्वं श्वयथुर्मुष्कयोरपि ।**
**तीव्रा रुगाशुपचनं दरणं कृमिसम्भवः॥**
**...तेषां मृत्यवे सन्निपातजः ।**

त्रिदोषजन्य उपदंशमा माथि बताइएका सबै लक्षणहरू देखिन्छ, अण्डकोशमा पनि सुजन हुन्छ, धेरै दुख्दछ, चाँडै पाक्न शुरु हुन्छ, फुट्ने र कीरापर्ने गर्दछ, यी उपदंशहरूमध्ये त्रिदोषजन्य उपदंशले ज्यान लिन्छ ।

**(ख) भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**नानाविधस्रावरुजोपपन्नमसाध्यमाहुस्त्रिमलोपदंशम्॥**

अनेक थरी पदार्थ बगिरहने, अनेक किसिमले दुख्ने र निको नहुने खालको उपदंशलाई त्रिदोषजन्य उपदंश भनिन्छ ।



**(ग) सुश्रुत संहिता :**

**सर्वजे सर्वलिङ्गदर्शनमवदरणं च शेफसः कृमिप्रादुर्भावो मरणं चेति॥**

त्रिदोषजन्य उपदंशमा सबै दोषका लक्षण देखिन्छ, जननेन्द्रिय ष्ल्न थाल्दछ, जननेन्द्रिय र शरीरमा कीरा पर्दछ र रोगीको मृत्यु हुन्छ ।

**(घ) हंसराज निदान :**

**आमुष्कशोफं कृमिजं तु जग्धं विशीर्णमांसं बहुगर्तशोफम् ।**
**त्रिदोषजं विद्ध्युपदंशमेतमसाध्यमार्तिज्वरशूलदाहम्॥**

पुरुषको जननेन्द्रियदेखि अण्डकोशसम्म सुन्निने, कीरा पर्ने, मासु सड्ने, गहिरो खाडल बन्ने सुन्निने, जरो आउने, शूल हुने र डाह हुने उपदंशलाई निको नहुने त्रिदोषजन्य उपदंश भनिन्छ ।

## रक्तविकारजन्य उपदंशको लक्षण

**(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**शोणितेनासितस्फोट-सम्भवोऽस्रस्रुतिर्ज्वरः ॥**

रक्तविकारजन्य उपदंशमा काला रङका फोका वा बिमिरा आउँदछन् यसबाट रातो रङको पदार्थ बहने गर्दछ अनि जरो समेत आउने गर्दछ । (रक्तविकारजन्य उपदंश पुस्तौंसम्म सर्दै गएको पनि देखिएको छ) ।

(ख) **भावप्रकाश संहिता :**

**रक्तजे कृष्णस्फोटप्रादुर्भावोऽत्यर्थमसृक्प्रवृत्तिः पित्तलिङ्गानि चात्यर्थं**
**ज्वरदाहौ शोषश्च याप्यश्च कदाचित् ॥**

जुन उपदंशको घाउ वा पिलो कालो, रगत धेरै निस्कने, पित्तजन्यका जस्ता लक्षणको तथा डाह र सुजन सहितको हुन्छ त्यसलाई रक्तविकारजन्य उपदंश भनिन्छ । यस्तो उपदंश कुनै बेलामा स्थिर राख्न सकिने खालको मात्र हुने गर्दछ ।

(ग) **योग रत्नाकार, वङ्गसेन आयुर्वेद :**

**...रक्तैः पिशितावभासैः ।**



रक्तजन्य उपदंशमा मासु समान, तामाको रङ जस्तो वा रातो रङको खटिरा आउने गर्दछ ।

(घ) **सुश्रुत संहिता :**

**रक्तजे कृष्णस्फोटप्रादुर्भावोऽत्यर्थमसृक्प्रवृत्तिः पित्तलिङ्गान्यत्यर्थं ज्वरदाहौ शोषश्च, याप्यश्चैव कदाचित् ।**

रक्तविकारजन्य उपदंशमा छाला कालो हुने, धेरै रगत बहने, पित्तजन्य उपदंशका लक्षण देखिने, कडा जरो आउने, डा हुने र सुक्ने जस्ता लक्षण देखिन्छ । यो उपदंश कहिलेकाहीँ रोक्न मात्र सकिने बन्दछ ।

## पित्त-रक्तजन्य उपदंशको उपचार

(क) **चक्रदत्त, रसरत्नाकर :**

**निम्बार्जुनाश्वत्थकदम्बशालजम्बूवटोदुम्बरवेतसेषु ।**
**प्रक्षालनालेपघृतानि कुर्याच्चूर्णानि पित्तास्रभवोपदंशे ॥**

पित्त-रक्तजन्य उपदंश रोगमा नीम, काउलो, पीपल, कदम, साल, जामुनु वा फणिर, बर, डुम्री र वेतकको धूलो मिसाएर तयार पारिएको काँढापानी वा लेपले उपदंशलाई पखाल्ने वा दल्ने गर्नुपर्दछ । यी ओखती हालेर पकाइएको घिउ दल्ने गर्नुपर्दछ ।

**(ख) भावप्रकाश संहिता :**

**निम्बार्जुनाश्वत्थकदम्बशालजम्बूवटोदुम्बरवेतसैश्च ।**
**प्रक्षालनालेपकृतानि कुर्याच्चूर्णं सपित्तास्रभवोपदंशे ॥**

नीम, काउलो, पीपल, कदम, साल, फणिर, बर, डुम्री र वेतका बोक्रा मिसाएर पकाइएको काँढापानीले पखाल्ने गर्नाले तथा यसैको लेप बनाएर दल्ने गर्नाले पित्त- रक्तविकारजन्य उपदंश नाश हुन्छ ।

**(ग) वङ्गसेन आयुर्वेद :**

**निम्ब्वार्जुनाश्वत्थकदम्बशाला जम्बूवटोदुम्बरवेतसैश्च ।**
**प्रक्षालनालेपघृतानि कुर्याच्चूर्णञ्च सपित्तास्रभवोपदंशे ॥**

नीम, काउलो, पीपल, कदम, साल, फणिर, बर, डुम्री र वेतका बोक्रा मिसाएर पकाइएको काँढापानीले पखाल्ने गर्नाले तथा यसैको लेप बनाएर घिउ मिसाई दल्ने गर्नाले पित्त-रक्तविकारजन्य उपदंश नाश हुन्छ ।)



## रक्तजन्य र त्रिदोषजन्य उपदंशको उपचार

**(क) अष्टाङ्ग सङ्ग्रह :**

**उपदंशद्वये शिष्टे प्रत्याख्यायाचरेत् क्रियाम् ॥**

बाँकी दुई रक्तजन्य र त्रिदोषजन्य उपदंशको उपचार गर्न सकिने अवस्था भएनभएको विचार गरी उपचार गर्नू ।

**(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**उपदंशद्वये शेषे प्रत्याख्यायाचरेत्क्रियाम् । एतेषामेव या योग्या वीक्ष्य दोषबलाबलम् ॥**
**शस्त्रेणोल्लेखयेत्क्वापि पाकमागतमाशु वै । तमपोह्य तिलैः सर्पिः क्षौद्रयुक्तैः प्रलेपयेत् ॥**

त्रिदोषजन्य र रक्तजन्य उपदंश भए यी ठिक नहुने हुँदा शुरुदेखि नै उपचार नगर्नू । रोगीले अनुरोध गरे दोषको अवस्था हेरी जे उपचारले घटाउन सकिन्छ त्यही चिकित्सा गर्नू । पाकेको उपदंश भए समयमै तुरुन्त शल्यक्रिया गर्नू अनि घिउ र मह मिसाइएको तिलको लेप दल्नू ।

(ग) **याेग रत्नाकर :**

**निम्बार्जुनाश्वत्थकदम्बशालजम्बूवटोदुम्बरवेतसाद्भिः ।**
**प्रक्षालनालेपकृतानि कुर्याच्चूर्णं च पित्तास्रभवोपदंशे ॥**

नीम, काउलो, पीपल, कदम, साल, फणिर, बर, डुम्री र वेतका बोक्रा मिसाएर पकाइएको काँढापानीले पखाल्ने गर्नाले तथा यसैको लेप बनाएर दल्ने गर्नाले पित्तविकारजन्य र रक्तविकारजन्य उपदंश नाश हुन्छ ।

(घ) **रसरत्नाकर :**

**निम्बार्ज्जुनाश्वत्थकदम्बशालजम्बूवटोदुम्बरवेतसेषु ।**
**प्रक्षालनालेपघृतानि कुर्याच्चूर्णञ्च पित्तास्रभवोपदंशैः ॥**

रक्त-पित्तजन्य उपदंश रोगमा नीम, काउलो, पीपल, कदम, साल, जामुनु वा फणिर, बर, डुम्री र वेतकको धूलो मिसाएर तयार पारिएको काँढापानी वा लेपले उपदंशलाई पखाल्ने वा दल्ने गर्नुपर्दछ । यी ओखती हालेर पकाइएको घिउ दल्ने गर्नुपर्दछ ।

(ङ) **सुश्रुत संहिता :**



**उपदंशद्वयेऽप्येतां प्रत्याख्यायाचरेत् क्रियाम् ॥**
**तयोरेव च या योग्या वीक्ष्य दोषबलाबलम् ।**
**उपदंशे विशेषेण शृणु भूयस्त्रिदोषजे ॥**

रक्तजन्य र त्रिदोशजन्य उपदंशमा कारण समान हुँदा दुवैलाई निको हुन सक्दैन भनी उपचार गर्नू । यी रोगमा रोगको अवस्था हेरी जे उपचार सही हुन्छ त्यही उपचार वात आदि दोष हेरेर गर्नू ।

**दुष्टव्रणविधिं कुर्यात् कुथितं मेहनं त्यजेत् ।**
**जम्ब्वोष्ठेनाग्निवर्णेन पश्चाच्छेषं दहेद्भिषक् ॥**
**सम्यग्दग्धं च विज्ञाय मधुसर्पिः प्रयोजयेत् ।**
**शुद्धे च रोपणं दद्यात् कल्कं तैलं हितं च यत् ॥**

त्रिदोषजन्य उपदंशमा दुष्ट व्रणको उपचार गर्नू । सडेको जननेन्द्रियको उपचार नगर्नू । जति सडेको छ त्यति काटेर आगोमा तताएर रातो बनाइएको जम्व्बोष्ठ नामक औजारले बाँकी भागको टुप्पोमा डाम्नू । राम्ररी डढेको यकीन भएपछि त्यहाँ मह र घिउ लगाउनू । शोधन भएपछि त्यसलाई रोपण गर्नू । यसका लागि कल्क तैल हितकर हुन्छ ।

## उपचार गर्न नसांकने उपदंश

(क) **अष्टाङ्ग हृदय :**

**याप्यो रक्तोद्भवस्तेषां मृत्यवे सन्निपातजः ।**

यी उपदंश रोगमध्ये रक्तजन्य उपदंशलाई बढ्न नदिएर रोक्न मात्र सकिन्छ भने त्रिदोषजन्य उपदंश मृत्युको कारण हुने गर्दछ ।

(ख) **भावप्रकाश संहिता, माधव निदान, योगरत्नाकर, वङ्गसेन आयुर्वेद :**

**प्र(वि)शीर्णमांसं कृमिभिःप्रजग्धं मुष्कावशेषं परिवर्जनीयम् (परिवर्जयेच्च) ॥**

मासु गल्न थालेको,फोका निस्केको वा कीराले मासु खान थालिसकेको र अण्डकोश मात्र बाँकी रहन गएको उपदंशको उपचार गर्नु हुँदैन ।

(ग) **हंसराज निदान :**



**महाक्षतो भवेद्यस्य शिश्ने स्फोटो निशीर्य्यति । शिरः पीडा ज्वरो देहे निर्लोमो मुखमण्ले ॥**
**गुह्यदेशे महाशोफो नेत्रयोर्बहुरक्तता । पतेच्छिश्नः समुष्काभ्यां स रोगी नैव जीवति ॥**

जुन पुरुषको जननेन्द्रियमा ठूलो घाउ छ, त्यो घाउ फुट्दछ, टाउको दुख्दछ, जरो आउँदछ, मुखका रौं नाश हुन्छन्, गुप्ताङ्ग धेरै नै सुन्निएको छ, आँखा राता छन् र अण्डकोश सहित जननेन्द्रिय कुहिएर झर्दछ उ बाँच्दैन ।

## उपदंश रोगको गम्भीरता

(क) **भावप्रकाश संहिता, माधव निदान, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**सञ्जातमात्रे न करोति मूढः क्रियां नरो यो विषये प्रसक्तः ।**
**कालेन शोथक्रिमिदाहपाकैः प्रशीर्णशिश्नो म्रियते स तेन ॥**

विषयमा आशक्त जुन मूर्ख मानिस उपदंश हुनासाथ त्यसको उपचार गर्दैन, उसको त्यस्तो उपदंश केही समयपछि सुन्निने, किरा पर्ने, डाह गर्ने र पाक्ने अवस्थामा पुगी जननेन्द्रिय पनि सडेर झर्ने गर्दछ ।

**(ख) हंसराज निदान :**

**जाते मात्रे महारोगे चिकित्सां नैव कारयेत् । बद्धमूलेन रोगेण रोगी याति यमालयम्॥**

जो मानिस उपदंश रोग देखिना साथ उपचार गर्दैन र रोग बढाउँदै जान्छ उ यमराजको घर जान्छ ।

## उपदंशमा खानपिन आदि

**(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**सेवेन्नित्यं यवान्नञ्च पानीयं कौपमेव च ।**
**अर्शसां छिन्नदग्धानां क्रियां चात्र प्रयोजयेत्॥**

उपदंश रोग हुनेले नित्य जौको भोजन गर्नू र कुवाको (कौप्य) जल पिउने गर्नू । साथै, हर्सा र दग्धव्रणमा बताइएका उपचार विधि अपनाउनू ।

**(ख) भैषज्य रत्नावली :**

**छर्दिर्विरेको ध्वजमध्यनाडीवेधो जलौकः परिपातनं च ।**
**सेकः प्रलेपो यवशालयश्च धन्वामिषं मुद्गरसो घृतानि॥**
**कठिल्लकं शिग्रुफलं पटोलं शालिञ्चशाकं नवमूलकं च ।**
**तिक्तं कषायं मधु कूपवारि तैलं च हन्यादुपदंशरोगम्॥**

बान्ता गराउने, दिसा गराउने, पुरुष जननेन्द्रियको बीचको नसा काट्ने, जूका लगाउने, पखाल्ने, सेक्ने, लेप लगाउने तथा जौ, मार्सीचामल, धन्वदेशका जीजको मासु, मुँगीको झोल, घिउ, करेलो, सजिवनको फल, परबर, शालिञ्च नामक साग, काँचो मूला, तिक्खर र टर्रो स्वादका पदार्थ, मह, कुवाको पानी र तल् : यी उपदंश रोगमा हितकर हुन्छन् । यी कुरा सेवन गर्नाले यो रोग चाँडै नाश हुन्छ ।

**(ग) भैषज्य रत्नावली, योग रत्नाकर :**

**दिवानिद्रां मूत्रवेगं गुर्वन्नं मैथुनं गुडम् ।**
**आयासमम्लं तक्रं च वर्जयेदुपदंशवान्॥**

उपदंशका रोगीले दिउस सुत्न, पिसाबको वेग रोक्न, पचाउन कठिन हुने अन्न खान, सखर खान, ग्राम्यधर्ममा संलग्न हुन, कसरत गर्न, अमिला पदार्थ खान र तक्र पिउन छाड्नू । किन कि यी कुरा यो रोगमा विशेष अनिष्टकारी हुन्छन् ।

## अनन्ताद्यघृतको प्रयोग

(क) **भैषज्य रत्नावली : अनन्ताद्यघृत**

**अनन्तामलकीद्राक्षाः काकोलीयुगलं वरीम् । एलाद्वयं विदारीं च मधुकं मधुकं मुराम्॥**
**त्रिफलां स्वर्णपर्णीं च बीजं गोक्षुरसम्भवम् । दशमूलं तालमूलीं त्रिवृतामिन्द्रवारुणीम्॥**
**नीलिनं शूकशिम्ब्याश्च बीजं कर्षप्रमाणतः । कल्कीकृत्य पचेत्प्रस्थे सर्पिषः सारिवाम्भसा॥**
**घृतमेतदनन्ताद्यमुपदंशविनाशनम् । रसायनं परं वृष्यमस्रदोषनिषूदनम्॥**

अनन्तमूल ४ सेरलाई ३२ सेर पानीमा हालेर पकाउनू । ८ सेर पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि अनन्तमूल, अमला, दाख, कल्छेलहरो, दुधेकल्छेलहरो, कुरिलो, सुकुमेल, अलैँची, विदारीकन्द, जेठीमधु, महुवा, कालो जटामसी, त्रिफला, स्वर्णपर्ण (पहेँलो जिरीसाग), ओदानेकाँडोका बीज, दशमूल, मुसलीकन्द, निसोथ, इन्द्रेनीलहरो, नीरको जरा र काउसोको बीज : यी ओखती एक एक कर्ष लिनू । सबै मिसाएर पिसी लेदो वा धूलो बनाउनू । त्यसपछि यो धूलो अघि पकाएको काँढापानीमा हाली एक प्रस्थ गाईको घिउ हालेर पकाउनू । यो अनन्ताद्यघृत खाने गर्नाले उपदंश रोग र त्यसले गर्दा भएको दूषित रगत तुरुन्त नाश हुन्छ । यो घिउ अति बलदायक, वीर्यवर्धक र अति नै रसायन ओखती हो ।

## आँप आदिको प्रयोग



(क) **योग रत्नाकर :**

**आम्रत्वचं विनिष्पीड्य निगृह्य स्वरसं पलम् । चतुष्पलं त्वजाक्षीरं संयुक्तं प्रपिबेत्प्रगे॥**
**एवं मुनिदिनं कुर्यादुपदंशे व्रणे हितम् । तथा क्षीरं तथा जीर्णं गोधूमं पथ्यमाचरेत्॥**

आँपका बोक्रा कुटी रस निचोरेर एक पल लिनू । चारपल बाख्रीको दूध मिसाएर बिहान बिहान पिउने गर्नू । सात दिनसम्म खानू । यो उपदंशजन्य घाउका लागि हितकर हुन्छ । यो अवधिमा दूध र पुरानो गहुँका पथ्य परिकार खाने गर्नू ।

## कमलको प्रयोग

(क) **भावप्रकाश संहिता, योग रत्नाकर, वङ्गसेन आयुर्वेद :**

**नीलोत्पलानि कुमुदं पद्मसौगन्धिकानि च ।**
**उपदंशेषु चूर्णानि प्रदेहोऽयं प्रशस्यते॥**

नीलकमल, रातमा फुल्ने कमल, सेतो कमल र रातो कमल : यिनको धूलो पिसेर बाक्लो लेप दल्नाले पनि उपदंश नाश हुन्छ ।

**(ख) रसरत्नाकर :**

**मृणालं पद्मबीजानि नालं पद्मञ्च केशरम् । सर्वं सप्तदलं कुर्यात्त्रिंशत्पलञ्च गोघृतम् ॥**
**घृताच्चतुर्गुणं क्षीरं घृतशेषं विपाचयेत् । पाकान्ते चुर्णमेषाञ्च क्षिप्त्वातदवतारयेत् ॥**
**भक्षयेल्लिङ्गरोगघ्नं घृतं पञ्चारविन्दकम् ॥**

कमलको फूल फुल्ने डाँठ, कमलको गानु, कमलको डाँठ, कमल र कमलकेशर : यी सबैको धूलो ७ पल जम्मा पार्नू । ३० पल घिउ र १२० पल दूध मिसाएर पकाउनू । घिउ मात्र बाँकी भएपछि त्यसमा पहिलेको धूलो मिसाउनू । यो पञ्चारविन्दक घिउ खानाले जननेन्द्रियको रोग नाश हुन्छ ।

## करञ्ज आदिको प्रयोग

**(क) चक्रदत्त, भावप्रकाश संहिता, योग रत्नाकर :**

**करञ्जनिम्बार्जुनशालजम्बूवटादिभिः कल्ककषायसिद्धम् ।**
**सर्पिर्निहन्यादुपदंशदोषं सदाहपाकस्रुतिरागयुक्तम् ॥**

करञ्ज (करौंजी), नीम, काउलो, साल, फणिर, र वटादिवर्गमा पर्ने सबै ओखती मिसाएर पकाइएको काँढापानीमा यही काँढापानीमा पकाइएको घिउले डाह, पाक्ने, तरल पदार्थ बहने र रातोपनले युक्त भएको उपदंश पनि नाश गर्दछ ।



**(ख) भैषज्य रत्नावली : करञ्जाद्यघृत**

**करञ्जनिम्बार्जुनशालजम्बूवटादिभिः कल्ककषायसिद्धम् ।**
**सर्पिर्निहन्यादुपदंशदोषं सदाहपाकं स्रुतिरागयुक्तम् ॥**

करञ्जको जरा, नीम, काउलो, सालवृक्ष, जामुनु वा फँडिर र वटादिवर्गका ओखती : यी सबैको बोक्राको लेदो र काँढापानी हाली पकाइएको घिउ खाने गर्नाले डाह, पाक्ने र तरल पदार्थ बगिरहने आदि विकारसहितको उपदंशरोग नाश हुन्छ ।

**(ग) वङ्गसेन आयुर्वेद :**

**करञ्जनिम्बासनशालजम्बूवटादिभिः कल्ककषायसिद्धम् ।**
**सर्पिर्निहन्यादुपदंशदोषं सदाहपाकस्रुतिपाकयुक्तम् ॥**

करञ्ज, नीम, विजयसाल, साल, फणिर, र वटादिवर्गमा पर्ने सबै ओखती मिसाएर पकाइएको काँढापानीमा यही काँढापानीमा पकाइएको घिउले डाह, पाक्ने, तरल पदार्थ बहने र रातोपनले युक्त भएको उपदंश पनि नाश गर्दछ ।

## करवीर आदिको प्रयोग

(क) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**करवीरस्य मूलेन परिपिष्टेन वारिणा । असाध्याऽपि व्रजत्यस्तं लिङ्गोत्था रुक्प्रलेपनात्॥**

करवीरको जरालाई पानीमा पिसेर लेप बनाई दल्ने गरेमा पुरुषको जननेन्द्रियमा हुने पीडा र उपचार गर्न कठिन खालको उपदंश पनि नाश हुन्छ ।

## कुचिला आदिको प्रयोग

(क) **भैषज्य रत्नावली :**

**विषतिन्दुं लौहपात्रे मलाक्ते निम्बुकद्रवैः । घर्षेत्कृष्णसुधामूलं प्रत्येकं माक्षिकं दृढम्॥**
**तुत्थं तदनु सूतं च लौहदण्डेन तद्युतम् । सर्वं तदेकतां यातं तेन लिङ्गं प्रलेपयेत्॥**
**लेपे शुष्के पुनर्लेपं दद्याच्छुष्के पुनस्तथा । शुष्कं न संस्रयेल्लेपं शुष्कस्योपरि दापयेत्॥**

खियायुक्त फलामको भाँडामा कुचिला र कागती रस पिस्नू । त्यसमा सिउँडीको जरा, सुनामखी, तुथो, र पारोभस्म एक एक मासा मिसाउँदै फलामको डण्डीले पिस्नू । जब सबै ओखती मिसिएर एउटै हुन्छ तब पुरुषको जननेन्द्रियमा लेप दल्नू । लेप सुकेपछि त्यसैमाथि पुनः लेप दल्नू । त्यो पनि सुकेपछि त्यसमाथि पुनः दल्नू । सेकेको लेप नहटाउनू, त्यसैमाथि लेप दल्दै जानू । (चन्द्रसूर्यात्मकरसले उपदंश नाश गर्दछ) ।



## कूट आदिको प्रयोग

(क) **रसरत्नाकर :**

**कुष्ठं पूगं वचा तोयैः सारं वा खदिरोत्थितम् । जलैर्घृष्टप्रलेपोऽयं लिङ्गरोगहरं परम्॥**

कूट, सुपारी र बोझो पानीमा पिसेर लेप दल्नाले अथवा खयरको सार पानीमा पिसेर लेप दल्नाले जननेन्द्रियको रोग नाश हुन्छ ।

## गन्धक आदिको प्रयोग

(क) **रसरत्नाकर :**

**सगन्धकघृतैर्लेप्यं पक्वं लिङ्गं सुखावहम्॥**

गन्धकको प्रशोधित धूलो घिउमा मिसेर लेप लगाउनाले पाकेको उपदंश रोगमा सुख हुन्छ ।

## पाकेको उपदंशमा गाईजिभ्रे आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

**गोजीविडङ्गमधुकसर्वगन्धैश्च पेषितैः ॥**

(पाकेको उपदंशमा चिरेपछि) गाइजिभ्रे, वायुविडङ्ग, जेठीमधु र सर्वगन्ध मिसाएर तयार पारिएको लेप दल्ने गर्नू ।

(ख) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**गोजीविडङ्गयष्टीभिः सर्वगन्धैश्च संयुतम् । एतत्सर्वोपदंशेषु तैलं रोपणमिष्यते ॥**

गाईजिभ्रे झार, वायुविडङ्ग, जेठीमधु र चन्दनादि वर्गका सबै सुगन्धित पदार्थ हाली पकाइएको तेलले सबै प्रकारका उपदंशका घाउ भर्ने गर्दछ ।

## गिनेरी आदिको प्रयोग



(क) **चक्रदत्त :**

**जयाजात्यश्वमारार्कसम्पाकानां दलैः पृथक् । कृतं प्रक्षालने क्वाथं मेढ्रपाके प्रयोजयेत् ॥**

अरणी (गिनेरी), चमेली, करवीर, आँक वा राजवृक्षमध्ये कुनै एकको पातको काँढापानी पकाएर जननेनिन्द्रय पाकेको अवस्थामा पखाल्नका लागि प्रयोग गर्नुपर्दछ ।

(ख) **भावप्रकाश संहिता :**

**जयाजपाश्वमारार्कशम्पाकानां दलैः क्रमात् । कृतं प्रक्षालनं क्वाथं मेढ्रपाके प्रयोजयेत् ॥**

गिनेरी, जपा (अडहुल), करवीर, आँक र राजवृक्ष : यिनका पातको बेग्लाबेग्लै काँढापानी पकाएर क्रमैले पखाल्नाले जननेन्द्रिय पाकेको ठिक हुन्छ ।

(ग) **भैषज्य रत्नावली :**

**जयाजात्यश्वमारार्कशम्याकानां दलैः पृथक् । कृतं प्रक्षालने क्वाथं मेढ्रपाके प्रयोजयेत् ॥**

उपदंश रोगमा जननेन्द्रिय पाकेमा जयन्ती, चमेली, करवीर, आँक र अमलतास : यिनका पातको बेग्लाबेग्लै काँढापानी पकाएर घाउ धुने गर्नू ।

**(घ) योग रत्नाकर :**

**जयाजात्यश्वमारार्कशम्पाकानां दलैः पृथक् । कृतं प्रक्षालने क्वाथं मेढ्रपाके प्रयोजयेत्॥**

गिनेरी, चमेली, करवीर, आँक र राजवृक्ष : यिनका पातको बेग्लाबेग्लै (कुनै एकको) काँढापानी पकाएर पखाल्नाले उपदंश रोगमा जननेन्द्रिय पाकेको ठिक हुन्छ ।

## घरको ध्वाँसो आदिको प्रयोग

**(क) चक्रदत्त :**

**अगारधूम रजनी सुराकिट्टं च तैस्त्रिभिः । भागोत्तरैः पचेत्तैलं कण्डूशोथरुजापहम्॥**
**शोधनं रोपणं चैव सवर्णकरणं तथा ।**

घरको ध्वाँसो १ पल, हलेदो २ पल र मदिराको किट्ट ३ पल लिनू । यी सबै हालेर एक प्रस्थ तिलको तेल पकाउनू । यो तेलले चिलाउने रोग, सुजन तथा उपदंशका घाउ र त्यसबाट तरल पदार्थ बग्ने समस्या ठिक गर्दछ र सुक्खा बनाउँदछ । दाग भएको छालालाई अरु छालाजस्तै समान रङ्को बनाउँदछ ।



**(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**आगारधूमो रजनी सुराकिट्टं च तैस्त्रिभिः । यथोत्तरैः पचेत्तैलं कण्डूशोथरुजापहम्॥**
**शोधनं रोपणं चैव ह्युपदंशहरं परम्॥**

घरको ध्वाँसो एक भाग, हलेदो दुई भाग र सुराकिट्ट तीन भाग लिई त्यो हालेर तेल पकाउनू । यो तेल लगाउने गर्नाले चिलाउने, सुन्निएर हुने पीडा र उपदंश राम्ररी निको हुन्छ । यो तेल दल्ने गर्नाले घाउ शुद्ध हुन्छ र भरिएर सुक्दछ ।

**(ग) भैषज्य रत्नावली, योग रत्नाकर : आगारधूमाद्यतैल**

**आगारधूमो रजनी सुराकिण्वं च तैस्त्रिभिः । भागोत्तरैः पचेत्तैलं कण्डूशोथरुजापहम्॥**
**शोधनं रोपणं चैव सवर्णकरणं तथा॥**

घरको ध्वाँसो १ पल, हलेदो २ पल र किण्व (मर्चा) ३ पल लिनू । यी सबै हालेर एक प्रस्थ तिलको तेल पकाउनू । यो तेलले चिलाउने रोग, सुजन तथा उपदंशका घाउ र त्यसबाट तरल पदार्थ बग्ने

समस्या ठिक गर्दछ र सुक्खा बनाउँदछ । दाग भएको छालालाई अरु छालाजस्तै समान रङको बनाउँदछ ।

**(घ) रसरत्नाकर :**

**गृहधूमनिशाकिण्वैरेकद्वित्र्यंशकैः क्रमात् । तैलं सिद्धं सकण्डूञ्च शोथं चैवोपदंशनुत् ॥**
**(किण्वं सुराबीजम्)**

तेल ४ सेर, पानी १६ सेर, घरको ध्वाँसो १ पल, हलेदो २ पल र मर्चा ३ पल हाली विधिपूर्वक तेल पकाउनू । यो तेल लगाउनाले चिलाउने खालको र सुन्निएको उपदंश रोग नाश हुन्छ ।

## घिउकुमारीको प्रयोग

**(क) रसरत्नाकर :**

**कुमारीरससम्पिष्टं जीरकं लेपनाद्रुजम् । तेन दाहश्च पाकश्च शान्तिमाप्नोति निश्चितम् ॥**

घिउकुमारीको रसमा जीरा पिसेर मलम बनाई दल्नाले उपदंशजन्य डाह र पाक्ने कार्य अवश्य नै शान्त हुन्छ ।



## घिउको प्रयोग

**(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**घृतानि यानि वक्ष्यामि कुष्ठे नाडीव्रणे व्रणे ।**
**उपदंशे प्रयोज्यानि सेकाभ्यञ्जनभोजनैः ॥**

कुष्ठरोग, नाडीव्रण रोग र खटिराको उपचारमा बताइएको सबै खालका घिउ उपदंश रोगमा पनि प्रयोग गर्नुपर्दछ । यसो गर्नाले अवश्य नै उपदंश रोग नाश हुन्छ ।

**(ख) रसरत्नाकर :**

**घृतानि यानि चोक्तानि कुष्ठे नाडीव्रणे व्रणे ।**
**उपदंशे प्रयोज्यानि सेकाभ्यञ्जनभोजनैः ॥**

कुष्ठरोग, नाडीव्रण रोग र खटिराको उपचारमा बताइएको सबै खालका घिउ उपदंश रोगमा पनि प्रयोग गर्नुपर्दछ । यसो गर्नाले अवश्य नै उपदंश रोग नाश हुन्छ ।

**(ग) वैद्यरहस्य :**

**घृतानि यानि प्रोक्तानि कुष्ठे नाडीव्रणे व्रणे । उपदंशे प्रयोज्यानि सेकाभ्यञ्जन भोजने ॥**

कुष्ठ, नाडीव्रण र व्रण रोगको उपचारका क्रममा बताइएका घिउ उपदंश रोगमा पनि सेक्न, दल्न र खान प्रयोग गर्नू ।

## चमेली आदिको प्रयोग

**(क) योग रत्नाकर :**

**जातीप्रवालस्वरसं पलार्धं धेनोर्घृतं सर्जरसेन युक्तम् ।**
**पिबेत्प्रगे पञ्चविधोपदंशे क्षाराद्रृते गोधूमसर्पिः पथ्यम् ॥**

चमेलीका पालुवाको रस आधा पल, गाईको घिउ र सर्जरस ? मिसाएरपिसी बिहान बिहान पिउने गर्नू । पाँच प्रकारका उपदंश रोग शान्त हुन्छन् । तर यस अवधिमा क्षारयुक्त पदार्थ खान हुँदैन, गहुँ र घिउका परिकार मात्र खानु पर्दछ ।

## चिन्डे आदिको प्रयोग



**(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**भार्ङ्गीसम्भवशिखरिजमूलं भद्रश्रियं सुसम्पिष्टम् । मनःशिला वै मधुना शमयत्युपदंशमचिरेण ॥**

चिन्डेको जरा, दतिवनको जरा र चन्दन मिसाएर राम्ररी पिसी लेप बनाएर दल्ने गर्नाले उपदंश रोग तुरुन्त नाश हुन्छ । मैनशिलालाई महमा पिसेर लेप बनाई दल्ने गरेमा पनि उपदंश रोग चाँडो निको हुन्छ ।

## चिराइतो आदिको प्रयोग

**(क) चक्रदत्त :**

**भूनिम्बनिम्बत्रिफलापटोलकरञ्जजातीखदिरासनानाम् ।**
**सतोयकल्कैर्घृतमाशु पक्वं सर्वोपदंशापहरं प्रदिष्टम् ॥**

चिराइतो, नीम, हर्रो, बर्रो, अमला, परबरका पात, करञ्ज (लेखपाङ्गो), चमेली, खयर र विजयसाल मिसाएर पकाइएको काँढापानी र धूलो हाली घिउ पकाउनू । यो घिउ दल्ने गर्नाले चाँडै सबै खालका उपदंश नाश गर्दछ ।

(ख) **भावप्रकाश संहिता, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद : भूनिम्बाद्यघृत**

**भूनिम्बनिम्बत्रिफलापटोलकरञ्जधात्रीखदिरासनानाम् ।**
**सतोयकल्कैर्घृतमाशु पक्वं सर्वोपदंशापहरं प्रदिष्टम् ॥**

चिराइतो, नीम, हर्रो, बर्रो, अमला, परबर, करञ्ज (लेखपाङ्गो, करौंजी), अमला, खयर र विजयसाल मिसाएर पकाइएको काँढापानी र धूलो हाली घिउ पकाउनू । यो घिउ दल्ने गर्नाले चाँडै सबै खालका उपदंश नाश गर्दछ ।

(ग) **योग रत्नाकर :**

**भूनिम्बनिम्बत्रिफलापटोलकरञ्जजातीखदिरासनानाम् ।**
**श्रृतैश्च कल्कैर्घृतमाशु पक्वं सर्वोपदंशापहरं प्रदिष्टम् ॥**

चिराइतो, नीम, त्रिफला, परबर, करञ्ज, जाइपत्री, खयर र विजयसाल हालेर काँढापानी पकाउनू । त्यसमा यसैको एक चौथाई धूलो मिसाएर घिउ पकाउनू । नियमानुसार यो घिउ लगाउने र खाने गर्नाले सबै किसिमका उपदंश चाँडै ठिक हुन्छ ।

(घ) **रसरत्नाकर :**



**भूनिम्बनिम्बत्रिफलापटोलकरञ्जजातीखदिरासनाभ्याम् ।**
**सतोयकल्कैर्घृतमाशु पक्वं सर्वोपदंशापहरं प्रदिष्टम् ॥**

चिराइतो, नीम, हर्रो, बर्रो, अमला, परबर, करञ्ज (लेखपाङ्गो), चमेलीका पात, खयर र विजयसाल मिसाएर पकाइएको काँढापानी र धूलो हाली घिउ पकाउनू । यो घिउ दल्ने गर्नाले चाँडै सबै खालका उपदंश नाश गर्दछ ।

## पाकेको उपदंशमा चुत्रो आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

**दार्वीत्वक्शङ्खताक्ष्योत्थलाक्षागोक्षीरविड्रसैः । सक्षौद्रतैलसर्पिर्भिर्लेपः श्रेष्ठो व्रणेऽथवा ॥**
**लाक्षाद्राक्षातसीक्षौद्रैः क्षौद्रशैलेयताक्ष्र्यजैः ॥**

(पाकेको उपदंशमा) चुत्रोको बोक्रा, शङ्ख, रसाञ्जन, लाहा, गाईको दूध, गाईको आलो गोबरको रस, मह, तेल र घिउ मिसाएर तयार पारिने लेप खटिराका लागि उत्तम हुन्छ । अथवा लाहा, दाख, अतीस र महको अथवा मह, शिलाजित वा पत्थरकुङ्कुम ररसाञ्जनको लेप पनि दल्न सकिन्छ ।

**(ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**त्वचो दारुहरिद्रा याः शङ्खनाभी रसाञ्जनम् । लाक्षागोमयनिर्यासस्तैलं क्षौद्रं घृतं पयः॥**
**एभिस्तु पिष्टैस्तुल्यांशैरुपदंशं प्रलेपयेत् । व्रणाश्च तेन शाम्यन्ति श्वयथुर्दाह एव च॥**

चुत्रोको बोक्रा, शङ्खनाभि नामक गन्धद्रव्य विशेष, रसाञ्जन, लाहा, गोबरको रस, तेल, मह र घिउ बराबर मात्रामा मिसाई पिसेर दल्नाले उपदंश रोगको घाउ, सुजन र डाह शान्त हुन्छ ।

**(ग) योग रत्नाकर :**

**त्वचो दारुहरिद्रायाः शङ्खनाभी रसाञ्जनम् । लाक्षा गोमयनिर्यासस्तैलं क्षौद्रं घृतं पयः॥**
**एभिः सुपिष्टैर्द्रव्यांशैरुपदंशं प्रलेपयेत् । व्रणाश्च तेन शाम्यन्ति श्वयथुर्दाह एव च॥**

चुत्रोको बोक्रा, शङ्खनाभि नामक गन्धद्रव्य विशेष, रसाञ्जन, लाहा, गोबरको रस, तेल, मह, घिउ र दूध बराबर मात्रामा मिसाई पिसेर दल्नाले उपदंश रोगको घाउ, सुजन र डाह शान्त हुन्छ ।

**(घ) रसरत्नाकर :**



**दार्वीरसाञ्जनं द्राक्षा शङ्खनाभि पयोमधु ।तैलाज्य गोमयरसोलेपस्तैः समभागकैः॥**
**सुपिष्टैरुपदंशे स्याद्व्रण श्वयथु दाह हा॥**

चुत्रो, रसाञ्जन, लाहा, शङ्खनाभि, दूध, मह, तेल, घिउ र गोबरको रस : यी ओखती बराबर लिई मिसाएर पिसी लेप दल्नाले उपदंशको घाउ, सुजन र डाह नाश हुन्छ ।

## चोपचिनी आदिको प्रयोग

**(क) योग रत्नाकर**

**कुडवं चोपचिन्याश्च शर्करायाः पलं तथा । पिप्पली पिप्पलीमूलं मरिचं देवपुष्पकम्॥**
**आकल्लं क्षुरकं शुण्ठी जन्तुघ्नं च वराङ्गकम् । पृथक्कोलमितं ग्राह्यमेतच्चूर्णीकृतं शुभम्॥**
**सर्वमेकत्र संयोज्यं कर्षार्धं प्रतिवासरम् । भक्षयेन्मधुसर्पिर्भ्यां युक्तं पथ्यं समाचरेत्॥**
**शाल्योदनं तथा सूपस्तुवरीणां घृतं मधु । गोधूमः सैन्धवं शिग्रुर्विम्बी कोशातकी फलम्॥**
**आर्द्रकं जलमन्दोष्णं हितमत्र प्रकीर्तितम् । पञ्चोपदंशरोगाणां प्रमेहाणां तथैव च॥**
**व्रणानां वातरोगाणां कुष्ठानां च विनाशनम्॥**

चोपचिनी : एक कुडव, चिनी एक पल; पिप्ला, पिप्लाको जरा, मरिच, ल्वाङ, अकरकरा, ओदानेकाँडो, सुठो, वायुविडङ्ग र दालचिनी एक एक कोल लिनू र धूलो बनाउनू । यो धूलो हरेक दिन आधा आधा

कर्ष मह र घिउ मिसाएर खानू । पथ्य खानपिन गर्नू । मासो चामल, रहर, घिउ, मह, गहुँ, सिँधेनुन, सैजन, विम्बी, घिरौंलो र अदुवा खाने गर्नू । मनतातो पानी पिउनू । यसले पाँच थरी उपदंश, प्रमेह, खटिरा, वातविकार र कुष्ठ नाश गर्दछ ।

**चोपचिन्युद्भवं चूर्णं पलद्वादशमेव च । पिप्पली पिप्पलीमूलं मरिचं नागरं त्वचम्॥**
**आकल्लकं लवङ्गं च प्रत्येकं कर्षसम्मितम् । शर्करासमचूर्णं च पाचयेत्सर्वमेकतः ॥**
**मोदकं कारयेत्तत्तु कर्षं कर्षं प्रमाणतः । सायं प्रातर्निषेव्यस्तु पथ्यं पूर्वोक्तचूर्णवत्॥**
**उपदंशे व्रणे कुष्ठे वातरोगे भगन्दरे ।**
**धातुक्षयकृते कासे प्रतिश्याये च यक्ष्मणि ॥**
**सर्वान्रोगान्निहनत्याशु ततः पुष्टिकरो भवेत्॥**

चोपचिनीको धूलो १२ पल; पिप्ला, पिप्लाको जरा, मरिच, सुठो, दालचिनी, अकरकरा र ल्वाङको धूलो एक एक कर्ष लिनू । सबै मिसाउँदा जति हुन्छ त्यति नै मिस्रीको धूलो लिनू । मिश्रीमा पानी हालेर पकाई चास्नी बनाउनू । त्यसमा सबै हालेर एक उक कर्षका गोली बनाउनू । यो गोली बिहान बेलुकी खान दिनू । चोपचिनीचूर्णमा बताए जस्तै पथ्य खानपिन गर्नू । यसले उपदंश, खटिरा, कुष्ठ, वातविकार, भगन्दर, धातुक्षयजन्य खोकी, पिनास र क्षयरोग चाँडै नाश गर्दछ । यसपछि शरीर पुष्ट हुन्छ ।

## जाइफल आदिको प्रयोग



(क) **योग रत्नाकर :**

**जातीफलविडङ्गानि रसकं देवपुष्पकम् ।**
**समभागानि सर्वाणि नवनीतेन मर्दयेत्॥**
**स्फोटानामुपदंशानां व्रणशोधनरोपणः॥**

जाइफल, वायुविडङ्ग, रसक र ल्वाङ बराबर मिसाई नौनीमा पिस्नू । यो लेप दल्नाले उपदंशका फोकाको शोधन र रोपण हुन्छ ।

## पाकेको उपदंशमा तिल आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

**पक्वेषु तु तु शस्त्रमवचारयेत् ।**
**सघृतक्षौद्रशर्करेण तिलकल्केनालेपयेत् । अपि च॥**

पाकेका खण्डमा धारिलो हतियारले चिर्नू । सफा गर्नू । यसपछि तिलको धूलो, घिउ, मह र चिनी मिसाएर लेप बनाई दलि दिनू ।

## तीतेघिरौंलो आदिको प्रयोग

**(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**यस्य लिङ्गस्य मांसं तु शीर्यते मुष्कशेषतः । तिक्तकोशातकीलाबुबीजं नागरसाधितम्॥**
**तैलं हन्त्यविशेषेण व्रणं दुष्टमनेकधा॥**

तीते घिरौंलोको बीज, तिते लौकाको बीज र सुठोको धूलो हाली पकाइएको तेलले अनेक प्रकारको घाउखटिरा राम्ररी नाश गर्दछ । जुन अवस्थामा पुरुषको जननेन्द्रियको मासु सडेर गल्न थालेको छ र अण्डकोश मात्र बाँकी छ त्यो अवस्थामा पनि त्यस्तो उपदंश यो तेलले शान्त हुन्छ ।

**(ख) रसरत्नाकर :**

**यस्य लिङ्गस्य मांसं तु शीर्य्यते कृमिभक्षितम् । तस्य कोशातकीलाबुबीजं नागरसाधितम्॥**
**तैलं हन्त्य चिरादघोरं दुष्टव्रणभगन्दरम्॥**

तीते घिरौंलोको बीज, तिते लौकाको बीज र सुठोको धूलो हाली पकाइएको तेलले अनेक प्रकारको घाउखटिरा राम्ररी नाश गर्दछ । पुरुषको जननेन्द्रियको मासु सडेर गल्न थालेको र कीरा परेको उपदंश तथा भगन्दर रोग नाश हुन्छ ।



## त्रिफला आदिको प्रयोग

**(क) अग्निपुराण, चक्रदत्त, भावप्रकाश संहिता, भैषज्य रत्नावली, योगरत्नाकर, रसरत्नाकर, वङ्गसेन आयुर्वेद :**

**त्रिफलायाः कषायेण भृङ्गराजरसेन च (वा) ।**
**व्रणप्रक्षालनं कुर्य्यादुपदंशप्रशान्तये (कार्यमुपदंश- प्रशान्तये) ।**

भिरिङ्गी शान्त पार्न त्रिफला (हर्रो, बर्रो र अमला) को काँढापानीले र भृङ्गिराजको काँढापानीले घाउ पखाल्ने गर्नू ।

**(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**कपाले त्रिफला दग्धा सघृता रोपणं परम् ।**

माटाको खबटामा त्रिफला डढाएर धूलो बनाई घिउमा मिसाएर दल्नाले प्रभावकारी ढङ्गले घाउ भरिन्छ ।

(ग) **गरुड महापुराण**

**त्रिफलानिम्बभूनिम्बकरञ्जखदिरादिभिः । कल्कैः क्वाथैर्घृतं पक्वमुपदंशहरं परम्॥**

त्रिफला, नीम, चिराइतो, करञ्ज, खयर आदि हालेर विधिपूर्वक घिउ पकाई त्यो घिउको लेप दल्ने गर्नाले उपदंश रोग राम्ररी निको हुन्छ ।

(घ) **गरुड महापुराण, चक्रदत्त, भावप्रकाश संहिता, भैषज्य रत्नावली, योग रत्नाकर, वङ्गसेन आयुर्वेद, वैद्यरहस्य, शार्ङ्गधर संहिता :**

**दहेत्कटाहे त्रिफलां सामसी (षी) मधुसंयुताम् । उपदंशे प्रलेपोऽय सद्यो रोपयते व्रणम्॥**

त्रिफलालाई कराहीमा हालेर डढाउनू । त्यसपछि यो खरानीलाई महमा पिसेर लेप बनाई  दल्ने गर्नाले भिरिङ्गीको घाउ चाँडै भरिन्छ ।

(ङ) **भावप्रकाश संहिता :**

**वरानिम्बार्जुनाश्वत्थखदिरासनवासकैः । चूर्णितैर्गुग्गुलुसमैर्वटका अक्षसंमिताः॥**
**कर्त्तव्या नाशयन्त्याशु सर्वालिङ्गसमुत्थितान् । उपदंशानसृग्दोषांस्तथा दुष्टव्रणानपि॥**



हर्रो, बर्रो, अमला, नीम, काउलो, पीपल, खयर, विजयसाल र असुरो मिसाई मिहीन धूलो बनाएर जतिहुन्छ त्यसमा त्यति नै गोकुलधूप मिसाई एक एक तोलाका गोली बनाउनू । यी गोली (पिसेको लेप) पुरुषका जननेन्द्रियमा उत्पन्न हुने सबै खालका उपदंशका रोग, शरीरमा हुने रक्तविकार र खराब खालका खटिरा नाशगर्ने गुणका हुन्छन् ।

(च) **रसरत्नाकर :**

**क्षालयेत्त्रिफलाक्वाथैः पक्वं लिङ्गं पुनः पुनः । तच्चूर्णं देयमात्रेण अङ्कुरश्च जयेद्ध्रुवम्॥**

जननेन्द्रिय पाकेका खण्डमा  त्रिफलाको काँढापानी पकाएर पटकपटक पखाल्नू । त्यसपछि त्रिफलाको धूलो जननेन्द्रियमा छर्कनू । यसले गर्दा टुसा निस्कन्छ ।

## निलोतुथो आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**तुत्थगैरिकलोध्रैलामनोह्वालरसाञ्जनैः ॥ हरेणुपुष्पकासीससौराष्ट्रीलवणोत्तमैः । लेपः क्षौद्रयुतैः सूक्ष्मैरुपदंशव्रणापहः॥**

निलोतुथो, लोध, मैनशिला, हरिताल, रसाञ्जन, हिराकसी, केही हरियो पहेँलो रङको हीराकसी, फिटकिरी र सिँधेनुनको धूलो महमा मिसाएर लेप बनाइ दल्नाले उपदंश रोग नाश हुन्छ ।

**(ख) रसरत्नाकर :**

**तुत्थटङ्कणकाशीशं शिलातालं रसाञ्जनम् । सौराष्ट्रीसैन्धवश्चैलां सिन्दूरं रेणुभूषणम् ॥**
**पिष्ट्वा तु क्षौद्रसंयुक्तं लेपं लिङ्गरुजापहम् ॥**

निलोतुथो, स्वाग, हिराकसी, मैनशील, हरिताल, रसाञ्जन, सौराष्ट्री, सिँधेनुन, अलैँची, सिन्दूर र कपूर बराबर लिई महमा पिसेर लेप दल्नाले जननेन्द्रियका रोग नाश हुन्छन् ।

## परबर आदिको प्रयोग

**(क) अग्निपुराण :**

**पटोलदलचूर्णेन दाडिमत्वग्रजोऽथ वा ।**
**गुण्डयेच्च गजेनापि त्रिफलाचूर्णकेन च ।**



भिरिङ्गी रोगमा परबरका पातको धुलो वा दारिमका बोक्राको धुलो वा चाभाको धुलो वा त्रिफलाको धुलो पाउडरका रूपमा घाउमा हाल्ने वा छर्कने गर्नू ।

**(ख) गरुड महापुराण :**

**पटोलनिम्बत्रिफलागुडूचीक्वाथमापिबेत् ।**
**सगुग्गुलुं सखदिरमुपदंशो विनश्यति ॥**

परबर, नीम, त्रिफला, गुर्जो, गोकुलधूप र खयर बराबर मिसाएर काँढापानी पकाएर पिउने गर्नाले भिरिङ्गी रोग नाश हुन्छ ।

**(ग) चक्रदत्त, योग रत्नाकर, रसरत्नाकर, वङ्गसेन आयुर्वेद, वैद्य रहस्य : पटोलादिक्वाथः**

**पटोलकनिम्बत्रिफलाकिरात (किरार्तः) क्वाथं पिबेद्वा खदिरासनाभ्याम् ।**
**सगुग्गुलुं वा त्रिफलायुतं वा सर्वोपदंशापहरःप्रयोगः ॥**

परबरका पात, नीम, हर्रो, बर्रो, अमला र चिराइतो मिसाएर काँढापानी पकाई त्यसमा खयरको धूलो र विजयसाल अथवा गोकुलधूप हालेर अथवा त्रिफला हालेर पिउने गर्नाले सबै किसिमका उपदंश नाश हुन्छन् ।

**(घ) रसरत्नाकर :**

**पटोलनिम्बत्रिफलागुडूचीक्वाथं पिवेद्वा खदिराशनाभ्याम् ।**
**सगुग्गुलं वा त्रिफलायुतं वा सर्वोपदंशपहरः प्रयोगः ॥**

परबरका पात, नीमका बोक्रा, त्रिफला र गुर्जो हाली काँढापानी पकाएर अथवा खयर र विजयसालको काँढापानी पकाएर त्यसमा गोकुलधूप वा त्रिफलाचूर्ण हाली धुनाले उपदंश रोग नाश हुन्छ ।

**(ङ) शार्ङ्गधर संहिता :**

**पटोलत्रिफलानिम्बकिरातखदिरासनैः । क्वाथः पीतो जयेत् सर्वानुपदंशान् सगुग्गुलुः ॥**

पर्बलको पात, त्रिफला, नीमको बोक्रा, चिराइतो, खयर र विजयसाल मिसाएर पकाइएको काँढापानीमा गोकुलधूप मिसाएर पिउने गरे भिरिङ्गी रोग नाश हुन्छ ।

## पारोभस्म आदिको प्रयोग

**(क) भैषज्य रत्नावली :**

**रसं वङ्गं च खदिरं हरीतक्याश्च भस्मकम् । कामलं कदलीभस्म गुवाकफलभस्म च ॥**
**एतत्तोलकमानं स्याद्धिङ्गुलं हरितालकम् । गन्धकं तुत्थकं चापि पद्मकं सरलं तथा ॥**
**द्वे चन्दने देवदारु वकमं काष्ठमेव च । तथा केशरकाष्ठं च माषमानं प्रकल्पयेत् ॥**
**एकीकृत्य च सञ्चूर्ण्य सर्वं चाङ्गेरिकाद्रवैः । तुलसीपत्रजरसैः पुरातनगुडेन च ॥**
**घृतेन सह षट् कार्या वटिका मन्त्ररक्षिताः ॥**

शुद्ध पारोभस्म, राङ भस्म, सेतो खयर, हर्रोको भस्म र कमलो केराको भस्म : यी सबै एक एक तोला; हिङ्गुल, हरिताल, शुद्ध गन्धक, निलो तुथो, पैयुँ, सल्लाको खोटो, सेतो चन्दन, रातो चन्दन, देवदार, अगस्तिको काठ र केशरको काठ : एक एक मासा लिनू; सबै मिसाएर पिसी फलामको भाँडामा हाली चरीअमिलो र तुलसीको रस हाली फलामको दण्डीले पिस्नू । अनि यसमा पुरानो सखर र घिउ मोली छ वटा गोली बनाउनू ।

**वेदनायामुत्कटायां चतस्रः शुक्लवाससा । वेष्टयित्वा च निर्द्धूमाङ्गारोपरि च दापयेत् ॥**
**तं धूमं परि गृह्णीयान्नरो वस्त्रादिवेष्टितः ॥ मुखनासाकर्णबहिर्निश्वासस्य निरोधतः ।**
**स्वेदे जातेऽस्य नैरुज्यं सार्यप्रातर्दिनत्रयम् ॥ मासमात्रं तु पथ्याशी शाकाम्लदधिवर्ज्जनम् ॥**
**गुर्वन्नपायसादीनि अपथ्यानि विवर्जयेत् । दिनत्रये व्यतीते तु स्नानमुष्ढाम्बुना चरेत् ॥**

त्यसपछि अति पीडा हुने उपदंशमा रोगीलाई चारैतिरबाट सेता कपडाले शरीर ढाकी कपडाको भित्र बीचमा कुनै सुरक्षित भाँडामा धुवाँ रहित आगाको भुङ्ग्रो राखी त्यसमा एक गोली राखेर धूमपान गराउनू । तर रोगीको मुख, नाक र कान कपडाले नछोप्नू । यदि रोगी निकै पीडित भए दुई वा चार

गोली बालेर धूमपान गराउनू । यसरी बिहान र साँझमा तीन दिनसम्म धूमपान गराउनू । धूमपान गरेपछि जुन पसिना बहन्छ त्यसलाई भित्रभित्रै सुक्खा कपडाले पुछ्नू । यो क्रममा एक महिनासम्म पथ्य भोजन गर्नू । सागपात, अमिलो, दही, पचनउन कठिन हुने अन्न, र खीर आदिजस्ता अपथ्य पदार्थ त्याग गर्नू । तीन दिनपछि तातोपानीले नुहाउनू ।

**एवं धूमे कृते शान्ता व्रणाश्च पिडका अपि । तथा शोथश्चामवातः खञ्जता पङ्गुतापि च॥**
**कुष्ठपदंशशान्त्यर्थं भैरवेण प्रकीर्त्तितः॥**

यसरी धूमपान गर्नाले उपदंशको घाउखटिरा, पिलो, सुजन, आमजन्य वातविकार, खोरण्डोपन, लङ्गडोपन, कुष्ठ र उपदंश आदि जस्ता सबै रोगहरू अति चाँडो नाश हुन्छन्। यो योगलाई भैरवाचार्यले बनाएका हुन् ।

**(ख) योग रत्नाकर :**

**पारदं गन्धकं तालं दरदं च मनःशिलाम् । पृथक्कर्षं द्विकर्षं च मुड्डारं सङ्खशज्रकम्॥**
**विधाय कज्जली श्लक्ष्णां मर्दयेत्सुरसारसैः । छायाशुष्कां ततः कृत्वा पुनरुन्मत्तजद्रवैः॥**
**विमर्द्याथ वटी कार्या उपदंशे प्रयोजयेत् । गोघृतेन प्रलेपोऽयं व्रणानां रोपणे हितः॥**

पारो, गन्धक, हरिताल, दरद ? र मनशिला १, १ कर्ष; मुर्दाशङ्ख, शङ्ख र जीरा २, २ कर्ष लिनू । मसिनो लेप बनाएर तुलसीको रसमा घोट्नू । छायामा सुकाउनू । त्यसपछि धतुरोको रसमा घोट्नू । अनि गोली बनाएर राख्नू । यसलाई गाईको घिउ मिसाएर उपदंशजन्य घाउमा दल्नू । घाउ भर्नमा यो लेप हितकर हुन्छ ।

**रसगन्धकज्जली-**

**कर्षमात्रो रसः शुद्धो द्विकर्षो गन्धकस्तथा । विधिवत्कज्जलीं कृत्वा तां च गोघृतसंयुताम्॥**
**माषमात्रां प्रतिदिनं दद्यादेवं त्रिसप्तकम् । गोधूमान्नं घृतं पथ्यं कारयेल्लवणं विना॥**
**उपदंशापहः श्रेष्ठो योगोऽयं मुनिभिः स्मृतः॥**

प्रशोधित पारोभस्म एक कर्ष र शुद्ध गन्धक २ कर्ष मिसाएर पिसी हरेक दिन एक एक माषा गाईको घिउ मिसाएर खुवाउने गर्नू । २१ दिनसम्म खानू । यो अवधिमा गहुँका परिकार र घिउ खाने गर्नू । नुन नखानू । यो उपदंश नाशक श्रेष्ठ ओखती हो भनी मुनिजनले बताएका छन् ।

**अथ सर्वोपदंशे रसघृतमुच्यते-**

**शुद्धं रसं पिचुमितं द्विबलिं प्रमर्द्य सर्वद्विभागनवनीतमपि प्रमर्द्य ।**
**वस्त्रे प्रलिप्य पिचुमन्दविपर्णशाखां संवेष्टयेन्नतमुखीं परिदीप्य वर्तिम्॥**
**तस्या घृतं स्रवति काचमये च पात्रे धृत्वाऽहिवल्लिदलसाकमिदं प्रदेयम् ।**
**पट्वादिकं रसघृते च विवर्जनीयम्॥**

प्रशोधित पारोभस्म २ कोल र शुद्ध गन्धक ४ कोल लिएर मिसाई पिस्नू । १२ कोल नौनी मिसाएर बेस्सरी घोट्नू । एउटा कपडामा यसको लेप दल्नू । एउटा पात नभएको नीमको हाँगामा यसलाई बेर्नू । त्यसपछि तलतिर फर्काएर राखी तलबाट आगो बाल्नू । बल्दै जाँदा तलतिर चुहिने घिउ कुनै सिसाको रिकापीमा जम्मा गर्नू । यो घिउ तीन रत्तीका दलेर पानमा दलेर खाने गर्नू । यसले सबै खालका उपदंशरूपी हात्तीलाई सिंहजस्तै बनेर नाश गर्दछ । यसले खटिरा नाश गर्दछ । यो ओखती खाने अवधिभर नुन खान हुँदैन । पहिले बताएजस्तै गहुँका परिकार र घिउ खानुपर्दछ ।

**(ग) वैद्यरहस्य :**

**पारदं गन्धकं तालं सिन्दूरं च मनःशिला । ताम्रपात्रे तु सघृते ताम्रेणैव विमर्दयेत्॥**
**घर्मे दिनैकं मृदित एतत्कण्डूपदंशजित्॥**

पारोभस्म, गन्धकभस्म, हरिताल, सिन्दूर र मनशिलालाई तामाका भाँडामा राखी तामाकै मुसलले एक दिनसम्म घाममा राखी पिस्नू । यो लगाउनाले चिलाउने रोग र उपदंश नाश हुन्छ ।

## पीपल आदिको प्रयोग

**(क) योग रत्नाकर :**



**अश्वत्थोदुम्बरप्लक्षवटवेतसजः शृतः । व्रणशोथोपदंशानां नाशनः क्षालनात्स्मृतः ॥**

पीपल, डुम्री, पाखरी, बरौं र बेतको काँढापानीले धुने गरे घाउ, सुजन र गर्मीका रोगहरु नाश हुन्छन् ।

**(ख) शार्ङ्गधर संहिता :**

**अश्वत्थोदुम्बरप्लक्षवटवेतसजं शृतम् । व्रणशोथोपदंशानां नाशनं क्षालनात् स्मृतम्॥**

पीपल, डुम्री, पाखरी, बरौं र बेतको काँढापानीले धुने गरे घाउ, सुजन र गर्मीका रोगहरु नाश हुन्छन् ।

## फणिर आदिको प्रयोग

**(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

**जम्ब्वआम्रसुमनोनीपश्वेतकाम्बोजिकाङ्कुरान्॥ शल्लकीबदरीबिल्वपलाशतिनिशोद्भवाः ।**
**त्वचः क्षीरिद्रुमाणां च त्रिफलां च पचेज्जले॥ स क्वाथः क्षालनं, तेन पक्वं तैलं च रोपणम् ।**

फणिर, आँप, चमेली, कदम, अपराजिता र माषपर्णीको मुना; गोभ्रेसल्लो, बयर, बेल, पलाँश र बर आदि दुधालु वृक्षका बोक्रा अनि त्रिफला हालेर काँढापानी पकाउनू । यो काँढापानीले जननेन्द्रिय धुने गर्नू । यिनै ओखती हालेर विधिपूर्वक पकाइएको तेल दलेर घाउ भर्नू ।

## (ख) भावप्रकाश संहिता :

**जम्बुवेतसपत्राणि धात्रीपत्रं तथैव च । नक्तमालस्य पत्राणि तद्वत्पद्मोत्पलानि च ॥**
**एला चातिविषाऽऽम्रास्थि मधुकञ्च प्रियङ्गवः । लाक्षा कालीयकं लोध्रं चन्दनं त्रिवृताह्वया ॥**
**एतान्येकीकृतान्येव बस्तमूत्रेण पेषयेत् । अक्षमात्रैरिमैर्द्रव्यैस्तैलप्रस्थं विपाचयेत् ॥**
**सर्वव्रणहरं तैलमेतत्सिद्धं न संशयः । उपदंशहरं श्रेष्ठं मुनिभिः परिकीर्तितम् ॥**

फणिर वा जामुनुका पात, बेतका पात, अमलाका पात, करञ्जका पात, सेतो कमल, रातो कमल, अलैंची, अतीस, अमलाको भित्री गेडा, जेठीमधु, दहीगुयैँलो, लाहा, पहैँलो चन्दन वा चुत्रो, लोध, सेतो चन्दन र निसोत : यी सबै ओखती एक एक तोला लिएर मिसाई बाख्रीको मूत्रमा पिसी ६४ तोला तेलमा हालेर पकाउनू । यो तेलले सबै प्रकारका खटिरा र उपदंश नाश गर्दछ भनी मुनिजनले बताएका छन् ।

## (ग) वङ्गसेन आयुर्वेद :



**जम्बुवेतसपत्राणि धात्रीपत्रं तथैव च । नक्तमालस्य पत्राणि तद्वत्पद्मोत्पलानि च ॥**
**बला चातिबलाम्रास्थि मधुकञ्च प्रियङ्गवः । लाक्षा कालीयकं लोध्रं चन्दनं त्रिवृताह्वया ॥**
**एतान्येकीकृतान्येव वत्समूत्रेण पेषयेत् ।**
**अक्षमात्रयुतैर्द्रव्यैस्तैलप्रस्थं विपाचयेत् ॥**
**सर्वव्रणहरं तैलमेतत्सिद्धं प्रयोजितम् ।**
**उपदंशहरं श्रेष्ठं मुनिभिः परिकीर्त्तितम् ॥**

फणिर वा जामुनुका पात, बेतका पात, अमलाका पात, करञ्जका पात, सेतो कमल, रातो कमल, बलु, अतिबलु, आँपको कोया, जेठीमधु, दहीगुयैँलो, लाहा, पहैँलो चन्दन वा चुत्रो, लोध, सेतो चन्दन र निसोत : यी सबै ओखती एक एक तोला लिएर मिसाई बाख्रीको मूत्रमा पिसी ६४ तोला तेलमा हालेर पकाउनू । यो तेलले सबै प्रकारका खटिरा र उपदंश नाश गर्दछ भनी मुनिजनले बताएका छन् ।

## (घ) सुश्रुत संहिता :

**जम्ब्वाम्रसुमनानिम्बश्वेतकाम्बोजिपल्लवाः । शल्लकीबदरीबिल्वपलाशतिनिशत्वचः ॥**
**क्षीरिणां च त्वचो योज्याः क्वाथे त्रिफलया सह । तेन क्वाथेन नियतं व्रणं प्रक्षालयेद्भिषक् ॥**
**अस्मिन्नेव कषाये तु तैलं धीरो विपाचयेत् । गोजीविडङ्गयष्टीभिः सर्वगन्धैश्च संयुतम् ॥**
**एतत् सर्वोपदंशेषु श्रेष्ठं रोपणमिष्यते ।**

जामुनु वा फाँणर, आँप, चमेलो, नीम, अपराजिता र वनमासका पात; गोभ्रेसल्लो, बयर, बेल, पलाँश र साधनका बोक्रा; वर आदि दुधालु वृक्षका बोक्रा र त्रिफला हाली काँढापानी पकाउनू । यो काँढापानीले नित्य धुने गर्नू । यही काँढापानीमा बुद्धिमान् वैद्यले तेल पकाउनू । यो तेलमा गाईजिभ्रे, वायुविडङ्ग, जेठीमधु र एलादिगणका सर्वगन्ध ओखती मिसाउनू । यो तेल सबै खालका उपदंश रोगको घाउ भर्न उत्तम हुन्छ ।

## बबुर आदिको प्रयोग

(क) **चक्रदत्त :**

**बब्बूलदलचूर्णेन दाडिमत्वग्भवेन वा । गुण्डनं अस्थिचूर्णेन उपदंशहरं परम् ॥**

बबुरका पातको धूलो वा अनारका बोक्राको धूलो वा हाडको धूलो छर्कनाले उपदंश रोग नाश हुन्छ ।

(ख) **भैषज्य रत्नावली :**

**बब्बोलदलचूर्णेन उपदंशहरं परम् ।**
**गुण्डनंन्नस्थिचूर्णेन दाडिमत्वग्भवेन वा ॥**

बबुरका पातको धूलो अथवा अनारको बोक्रा अथवा हाडको धूलो खटिरामा लगाउनाले उपदंश रोग चाँडै नाश हुन्छ ।

(ग) **योग रत्नाकर :**

**बब्बूलदलचूर्णेन दाडिमत्वग्रजोऽथ वा ।**

बबुरका पातको धूलो वा अनारका बोक्राको धूलो छर्कनाले उपदंश रोगमा फाइदा गर्दछ नाश हुन्छ ।

## बयर आदिको प्रयोग

(क) **भैषज्य रत्नावली :**

**बदरार्कमपामार्गस्तथा ब्राह्मणयष्टिका ।**
**हिङ्गुलं च समं चैषां भागं कृत्वा तु धूपनम् ॥**
**दोषजं कर्मजं हन्यादुपदंशादिकं व्रणम् ॥**

बयरको बोक्रा, आँक, दतिवन, चिन्डे र हिङ्गुल बराबर मिसाएर पिसी धूपदिनू । यसले दोषजन्य र कर्मजन्य दुवै खालका उपदंश आदिका घाउ नाश हुन्छ ।

## बर आांदको प्रयोग

(क) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**वटप्ररोहार्जुनजम्बुपथ्या लोध्रं हरिद्रा च हिताः प्रलेपे ।**
**तथोपदंशेष्ववरोहणार्थं चूर्णश्च कार्यं विमलाञ्जनेन॥**

बरका मुना, काउलोको बोक्रा, फणिरको बोक्रा, हर्रो, लोध र हलेदो मिसाएर लेप लगाउनाले तथा सुनामखी वा रसाञ्जनको धूलो भर्नाले उपदंश नाश हुन्छ ।

(ख) **योग रत्नाकर :**

**वटप्ररोहार्ज्जुनजम्बुपथ्या लोध्रं हरिद्रासहितः प्रलेपः ।**
**सर्वोपदंशेष्ववरोहणार्थं चूर्णश्च तज्जं विमलाञ्जनेन॥**

बरका मुना, काउलोको बोक्रा, फणिरको बोक्रा, हर्रो, लोध र हलेदो मिसाएर पानीमा पिसी लेप लगाउनाले उपदंशको घाउ नाश हुन्छ । घाउ भर्नका लागि यिनै ओखती धूलो र रसाञ्जन मिसाएर लगाउनू ।

(ग) **रसरत्नाकर :** 

**वटप्ररोहार्ज्जुनजम्बुपथ्या लोध्रोहरिद्रा च हितः प्रलेपः ।**
**सर्वोपदंशेषु च रोहणार्थं चूर्णश्च तज्जं विमलाञ्जनेन॥**

बरका मुना, काउलोको बोक्रा, फणिरको बोक्रा, हर्रो, लोध र हलेदो मिसाएर लेप लगाउनाले तथा सुनामखी वा रसाञ्जनको धूलो भर्नाले सबै थरी उपदंश नाश हुन्छ ।

(घ) **वैद्यरहस्य :**

**वटप्ररोहार्जुननिम्बलोध्रपथ्याहरिद्रारचितः प्रलेपः ।**
**व्यथास्तथा शोफमपाकरोति सर्वोपदंशेषु ततो हितोऽयम्॥**

वरका मुना वा कलिला भुण्डिएका जरा, काउसोका बोक्रा, नीमका पात, लोध र हलेदो : यी कुरा मिसाएर पिसी हितकारी लेप दल्नाले सबै खालका उपदंशको पीडा र सुजन नाश हुन्छ ।

## बाह्रमासे फूल वा अम्फीफलको उपचार

(क) **भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**बन्धूकदलचूर्णेन दाडिमत्वग्रजोऽथवा । गुण्डनं वृषणे शस्तं लेपः पूगफलेन वा ॥**

बन्धूक (बाह्रमासे फूल वा अम्फीफल) का पातको धूलो अथवा अनारको बोक्राको धूलो अण्डकोश माथि दल्नाले अथवा सुपारीको लेप दल्नाले उपदंश रोग नाश हुन्छ ।

## भृङ्गिराज आदिको प्रयोग

(क) **रसरत्नाकर, सुश्रुत संहिता :**

**मार्कवस्त्रिफला दन्ती ताम्रचूर्णमयोरजः ॥ उपदंशं निहन्त्येष वृक्षमिन्द्राशनिर्यथा ।**

सेतो भृङ्गिराज, त्रिफला, अजयपाल र ताम्रभस्म मिसाएर बनाइएको धूलोले उपदंशलाई चटयाङले रूख नाश गरेजसरी नष्ट गर्दछ ।

## भैरवरसको प्रयोग

(क) **भैषज्य रत्नावली : भैरवरस**



**शूद्धसूतं ग्रहीतव्यं रक्तिकाशतमात्रकम् । त्रिगुणां शर्करां लौहे निम्बदण्डेन मर्दयेत् ॥**
**याममात्रं तत्र दद्याच्छ्वेतं खदिरचूर्णकम् । सूततुल्यं ततः कुर्यान्मर्दनात्कज्जलोपमम् ॥**
**विंशतिर्वटिकाः कार्य्याः स्थाप्या गोधूमचूर्णके । निःशेषं निःसृता ज्ञात्वा पिडकास्ताः कलेवरे ॥**
**भैरवं देवमभ्यर्च्च्य बलिं तस्मै प्रदाय च । विधाय योगिनीपूजां दुर्गामभ्यर्च्च्य यत्नतः ॥**
**वटिकास्ताः प्रयोक्तव्या भिषजा जानता क्रियाम् । दिवसत्रितयं दद्यात्तिस्रस्तिस्रो विजानता ॥**
**चतुर्थाच्च समारभ्य एकामेकां प्रयोजयेत् । एवं चतुर्दशदिनैर्नीरोगो जायते नरः ॥**
**पथ्यं शर्करया सार्द्धमुष्णान्नं घृतगन्धि च । कुर्यात्साकांक्षमुत्थानं सकृद्भोजनमिष्यते ॥**
**जलपानं जलस्पर्शं न कदाचन कारयेत् । दुःसहायां तु तृष्णायामिक्षुदाडिमकादिकम् ॥**
**शौचमुष्णाम्बुना कार्य्यं वाससा प्रोञ्छनं द्रुतम् । वातातपाग्निसम्पर्कं दूरतः परिवर्जयेत् ॥**
**मेघागमे च शीते वा कार्यमेतद्विजानता । मुखरोगे तु सञ्जाते मुखरोगहरी क्रिया ॥**
**श्रमाध्वभाराध्ययनस्वप्नालस्यं विवर्जयेत् । ताम्बूलं भक्षयेन्नित्यं कर्पूरादिसुवासितम् ॥**
**क्रिया श्लेष्महरी युक्ता वातपित्ताविरोधिनी । लवणं वर्जयेदम्लं दिवानिद्रां तथैव च ॥**
**रात्रौ जागरणं चैव स्त्रीमुखालोकनं तथा । सप्ताहद्वयमुत्क्रम्य स्नानमुष्णाम्बुना चरेत् ॥**
**पथ्यं कुर्याद्धितमिदं जाङ्गलानां रसादिभिः । व्यायामाद्यं वर्जनीयं यावन्न प्रकृतिर्भवेत् ॥**
**एवं कृतविधानं तु यः करोत्येतदौषधम् । स एव पापरोगस्य पारं याति जितेन्द्रियः ॥**
**पिडका विलयं यान्ति बलं तेजश्च वर्द्धते । रुजा च प्रशमं याति ग्रन्थि शोथश्च शाम्यति ॥**
**अस्थ्नांभवति दार्ढ्यं च आमवातश्च शाम्यति । भैरवेन समाख्यातो रसोऽयं भैरव स्वयम् ॥**

प्रशोधित पारोभस्म १०० रत्ती र शुद्ध चिनी ३०० रत्ती फलामको भाँडामा हाली नीमको डण्डीले एक

प्रहरसम्म राम्ररी घोट्नू । त्यसमा १०० रत्ती सेतो खयरको धूलो हालेर पुनः घोट्नू । जब गाजलजस्तै हुन्छ त्यसको बीस वटा गोली बनाएर गहुँको पीठोमा राख्नू । जब शरीरमा उपदंशको विषले सबै बिमिरा आइसकेको अवस्था हुन्छ तब पहिला भैरवलाई पूजा गरी बलि दिई योगिनी र दुर्गालाई विधिपूर्वक पूजा गरेर ती गोलीलाई वैद्यले जुक्ति लगाएर प्रयोग गर्नू । तीन दिनसम्म हरेक दिन तीन तीन गोली खान दिनू । चौथो दिनबाट एक एक गोली खान दिनू । यसरी चौध दिनसम्म गोली खुवाउनाले रोगी चाँडै नै निरोगी हुन्छ । यसबेला चिनीसँग अलिकति घिउ मिसाएर आधापाकेको अन्न तथा सुगन्धित पदार्थ रोगीलाई पथ्यका रूपमा खान दिनू । जब इच्छा हुन्छ उठ्नेबस्ने गराउनू र दिनको एकपटक मात्र खाना खुवाउनू । चिसो पानी पिउन र छुन समेत कुनै हालतमा पनि हुँदैन । धेरै नै तिर्खाएको देखिए रोगीलाई उखु र अनारको रस पिउन दिनू । दिसा धुँदा तातोपानीको प्रयोग गर्नू र तुरुन्त सुकेको रुमालले पुछ्नू । चिसो हावा, घाम र आगो परैबाट त्याग गर्नू । वर्षा हुँदा वा जाडोमा उल्लेखित ओखती र घाम ताप्ने कार्य विधिपूर्वक गर्नू । यो ओखती खाँदा यदि मुख पाक्न गयो भने मुखरोग नाशक उपचार गर्नु उत्तम हुन्छ । उपदंशका रोगीले परिश्रम गर्न, बाटो हिँड्न, भारी उचाल्न, पढ्न, दिउस सुत्न र अल्छिपना त्याग गर्नुपर्दछ । कपूर आदि बास्नादार पदार्थ हालेको पान हरेक दिन चपाउने गर्नू । यो ओखती खाएपछि कफनाशक र वातपित्त नाशक उपचार मिसाएर गर्नू । नुन, अमिलो, दिउसको सुताइ, रातको जागराम र मैथुन तत्काल छाड्नू । यसरी चौध दिन ओखती खाएपछि तातोपानीले नुहाउनू र जाङ्गलजीवको मासुको रससँग पथ्य अन्न खानु हितकर हुन्छ । जबसम्म रोगीको अवस्था पहलिको जस्तै स्वस्थ हुँदैन तबसम्म व्यायाम आदि परिश्रमका कार्य नगर्नू । जो जितेन्द्रिय रोगी यो बताइएको विधिले बसी ओखती खान्छ उ नै यो पापरोगलाई जिती सुखी हुन्छ । यो ओखतीले उपदंशका खटिरा नाश हुन्छ र शरीरमा बल र तेज बढ्दछ । यसैगरी अन्य रोग शान्त हुन्छन् । ग्रन्थि र सुजन नाश हुन्छ । हाड अति नै बलियो हुन्छ तथा आमवात रोग पनि शान्त हुन्छ । यो रसका बारेमा भैरवले बताएका हुन् । यसैले यो भैरवरसका नमले प्रसिद्ध छ ।

## मजिठो आदिको प्रयोग

### (क) शार्ङ्गधर संहिता :

**मञ्जिष्ठामुस्तकुटजगुडूचीकुष्ठनागरैः ॥ भार्ङ्गीक्षुद्रावचानिम्बनिशाद्वयफलत्रिकैः ।**
**पटोलकटुकीमूर्वाविडङ्गासनचित्रकैः ॥ शतावरीत्रायमाणाकृष्णेन्द्रयववासकैः ।**
**भृङ्गराजमहादारुपाठाखदिरचन्दनैः ॥ त्रिवृद्वरुणकैरातवाकुचीकृतमालकैः ।**
**शाखोटकमहानिम्बकरञ्जातिविषाजलैः ॥ इन्द्रवारुणिकानन्तासारिवापर्पटैः समैः ।**
**एभिः कृतं पिबेत्क्वाथं कणागुग्गुलुसंयुतम् ॥ अष्टादशसु कुष्ठेषु वातरक्तार्दिते तथा ।**
**उपदंशे श्लीपदे च प्रसुप्तौ पक्षघातके ॥ मेदोदोषे नेत्ररोगे मञ्जिष्ठादिः प्रशस्यते ।**

मजिठो, नागरमोथे, ठूलो कुरोको बोक्रा (वा जरा), गुर्जो, कूट (बुटी), सुठो, भारङ्गी, ठूलो बिही, बोभ्हो, नीमको बोक्रा, हलेदो, चुत्रो, त्रिफला, पर्बलको पात, कुटकी, मरुई लहरो, वायुविडङ्ग, विजयसालका बोक्रा, चितूका बोक्रा, कुरिलो, मुँडिलो, पिप्ला, इन्द्रजौ, असुरो, भृङ्गिराज, देवदारु, गानेगुर्जो, खयर, रक्तचन्दन, सेतो निशोधका बोक्रा, सिप्लिकान, चिराइतो, वाकुची, राजवृक्षको गुदी, खाक्सी, बकाइनु, कुबेराक्ष, उत्तिस, खस, ऐरेलु, सिस्नु, अनन्तमूल र पित्तपापडा बराबर मात्रामा मिसाई काँढापानी

पकाएर पिप्ला र गोकुलधूप मिसाएर पिउनाले अठार प्रकारका कुष्ठरोग, वातरक्त तथा भिरङ्गा, हात्तीपाइले, लाटो खालको पक्षाघात, बोसोका रोग र आँखाका रोग ठिक हुन्छ ।

## महाक्षार आदिको प्रयोग

**(क) योग रत्नाकर : अथ महाक्षारगुटी**

**महाक्षारमाकल्लकं खादिरं च क्रमाद्वर्धितं वारिणा पिष्टमेतत् ।**
**निषेवेत माषप्रमाणं घृतेन महारोगनिघ्नं व्रणेषु व्रणघ्नम् ॥**
**गोधूमं गोघृतं पथ्यं मन्दं लवणमाचरेत् । द्विचारं ग्रहयेन्नित्यमुपदंशनिवृत्तये ॥**

महाक्षार (सौँचरनुन) एक भाग, अकरकरा २ भाग, कत्था ३ भाग मिसाएर पानीमा पिस्नू । यो एक मासा घिउ मिसाएर खाने गर्नू । यसले कुष्ठ आदि महारोग नाश गर्दछ । खटिरा आउँदा खाए त्यसलाई नाश गर्दछ । गहुँको पिठो र गाईको घिउ यसबेला खानु हितकर हुन्छ । नुन थोरै खानू । दिनको दुई पटक यो ओखती खाने गरिए उपदंश रोग नाश हुन्छ ।

## मोथे आदिको प्रयोग

**(क) वङ्गसेन आयुर्वेद :**



**गुन्द्रां दग्ध्वा कृतं भस्म हरितालं मनःशिला ॥ उपदंशविसर्पाणामेतद्धानिकरं परम् ।**

गुँद वा (नागरमोथे ?) डढाएर खरानी बनाउनू । यसमा मैनशिला र हरिताल मिसाउनू । यसले उपदंशजन्य वीसर्प शान्त पार्दछ । )

**(ख) सुश्रुत संहिता :**

**गुन्द्रां दग्ध्वा कृतं भस्म हरितालं मनःशिला ॥ उपदंशविसर्पाणामेतच्छान्तिकरं परम् ।**

गुँद वा (नागरमोथे ?) डढाएर खरानी बनाउनू । यसमा मैनशिला र हरिताल मिसाउनू । यसले उपदंशजन्य वीसर्प शान्त पार्दछ ।

## रसकर्पूर आदिको प्रयोग

**(क) योग रत्नाकर**

**रसकर्पूरगद्याणं मर्दयेत्खदिराम्बुना । प्रक्षालयेद्वारिणा च शुष्के लेपस्तु वारिणा ॥**

लिङ्गलेपो व्रणं हन्ति त्रिदिनान्नात्र संशयः ॥

रसकर्पूर नामक ओखती ६ मासा खयरको काँढापानीमा घोट्नू । पानी हालेर पखाल्नू । बाँकी रहेको रसकपूर सुकेपछि पानीमा घोटेर जननेन्द्रियमा लेप दल्नू । यसो गर्नाले जननेन्द्रियको घाउ अवश्य तीन दिनमा नै नाश हुन्छ ।

## रसगुग्गुलुको प्रयोग

(छ) भैषज्य रत्नावली : रसगुग्गुलु

**ग्राह्याः पातनयन्त्रेण शुद्धश्चन्द्रसमो रसः ।**
**रक्तिकाशतमेतस्य शर्करा त्रिगुणा भवेत् ॥**
**ततश्चतुर्गुणो ग्राह्यो गुग्गुलुर्महिषाक्षकः ।**
**घृतं रससमं दद्यान्मर्दयेच्च प्रयत्नतः ॥**
**विंशतिर्वटिकाः कार्यास्तिस्रस्तिस्रो दिनत्रयम् ।**
**एकादश दिनैरन्या देया एकादशैव ताम् ॥**
**सप्ताहद्वयमेवं च कारयेद्भिषजां वरः ॥**
**लवणं वर्जयेदम्भः पादार्द्धाशनमिष्यते ।**
**दिनद्वये व्यतीते तु पादोनं पथ्यमाचरेत् ॥**

**मसूरसूपं सगुडं व्यञ्जनं चाथ कल्पयेत् ।**
**पुनर्नवा पटोलानि तिक्तपत्री च गोक्षुरम् ॥ पुटपत्री कोकिलाक्षं शाकार्थे घृतभर्जितम् ।**
**शर्करा लवणस्थाने वेसवारे धनीयकम् ॥ लवङ्गाजाजिहिङ्गूनि धान्यकं जीरकाणि च ।**
**पाकार्थे सम्प्रदातव्यं संस्कारार्थं भिषग्वरैः ॥ भैरवस्य रसस्यान्याः क्रिया अत्र प्रयोजयेत् ।**
**रसगुग्गुलुरेवं हि सर्वाञ्जित्वाऽऽमयानयम् ॥ कुष्ठोपदंशनामानं व्रणं वातादिसंयुतम् ।**
**कामदेवप्रतीकाशश्चिरजीवी भवेन्नरः ॥**

पातनयन्त्रमा प्रशोधित पारो १०० रत्ती, चिनी ३०० रत्ती, शुद्ध महिषाक्षक नामक गोकुलधूप ४०० रत्ती र घिउ १०० रत्ती लिनू । सबै मिसाएर एउटा फलामको भाँडामा फलामकै डण्डीले राम्ररी पिस्नू र २० वटा गोली बनाउनू । यी गोली खाने विधि यस्तो छ : पहिलो तीन दिनसम्म तीन तीन गोली खानू । चौथो दिनदेखि ११ दिनसम्म एक एक गोली खानू । यसरी १४ दिनमा सबै ओखती खुवाउनु पर्दछ । यो ओखती खाने अवधिमा नुन र पानी त्यागी वक्ष्यमाण विधिले आहार गर्नू । पहिलो दिन अरु दिन जति खाइन्थ्यो त्यसको एक चौथाई, दोश्रो दिन आधा र दुई दिनपछि पौने पौने भाग खाना खानू । सक्खरसँग परिकार र मुसुरोका दाल खानु पथ्य हुन्छ । सागपातमा घिउमा भुटेका पुनर्नवा, परबर, तिक्तपत्री, ओदानेकाँडो, पुटपत्री र तालमदाना खानु उत्तम हुन्छ । सागपात पकाउँदा नुनको सट्टा चिनी र मसलाको सट्टा धनियाँ हाल्नू । बास्नादार बनाउन ल्वाङ, कालोजीरा, हिङ, धनियाँ र जीरा पिसेर हाल्नू । यो ओखती खाँदा पनि अरु सबै नियम भैरवरस खाँदा जसरी नै गर्नू । यसरी नियमले रसगुग्गुल ओखती खानाले उपदंश, कुष्ठ र वातजन्य रोग नाश भई यसले बनाएको घाउ पनि चाँडै सुकाउँदछ । यो खानाले शरीर कामदेवको जस्तै तेजिलो हुन्छ र मानिस लामोसमयसम्म बाँच्दछ ।

## रसशेखरको प्रयोग

### (क) भैषज्य रत्नावली : रसशेखर

**पारदं चाहिफेनं च द्विर्द्वादश च रक्तिकम् । आयसे निम्बकाष्ठेन मर्दयेत्तुलसीरसैः ॥**
**तस्मिन्सम्मूर्च्छिते दद्याद्दरदं रससम्मितम् । मर्दयेच्च तुलस्यैव ततश्चैतानि दापयेत् ॥**
**जातीकोषफले चैव पारसीययमानिकाम् । आकारकरभं चैव द्वात्रिंशद्रक्तिकां प्रति ॥**
**मर्दयुत्तुलसीतोयैरेतेषां द्विगुणं शुभम् । दद्यात्खदिरसत्त्वं च वटिका भणकप्रभा ॥**
**सायं ह्युभे प्रयोज्ये च लवणाम्लं च वर्जयेत् । गलत्कुष्ठं तथा स्फोटान्दुष्टान् गर्दभिकामपि ॥**
**ये स्युर्व्रणा नृणामन्ये उपदंशपुरःसराः । तान् सर्वान्नाशयत्याशु सिद्धोऽयं रसशेखरः ॥**

पारो दुई रत्ती, अफिम १२ रत्ती मिसाई फलामको भाँडामा नीमको डण्डीले तुलसीको रस हालेर पिस्नू । जब पारो मूर्च्छित हुन्छ तब त्यसमा २ रत्ती सिंगरफ मिसाएर तुलसीकै रस हाली पुनः पिस्नू । त्यसपछि जाइपत्री, जाइफल, पारसीक ज्वानु र अकरकरा ३२, ३२ रत्ती तथा यी सबैको दोब्बर उत्तम खमलको खयर हाली हालस् तुलसीकै रसमा विधिपूर्वक पिस्नू र चनाका दानाजत्रा गोली बनाउनू । यसमध्येबाट हरेक दिन दुवै सन्ध्यामा दुई दुई गोली खानू । नुन र अमिलो त्याग गर्नू । यो रसशेखर नामक सिद्धरसले गलत्कुष्ठ, खराब स्फोटक, गर्दभिका, उवदंशका खटिरा वा घाउ र अन्य सबै खालका खटिरा नाश गर्दछ ।



## रसाञ्जन आदिको प्रयोग

### (क) चक्रदत्त : रसाञ्जनलेप

**रसाञ्जनं शिरीषेण पथ्यया वा समन्वितम् । सक्षौद्रं वा प्रलेपेन सर्वलिङ्गगदापहम् ॥**

रसाञ्जनलाई शिरीषको बोक्रा वा सानो जातको हर्रोको धूलो वा महमा मिसाएर लेप बनाई दल्नाले जननेन्द्रियका सबै रोग नाश हुन्छन् ।

### (ख) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :

**रसाञ्जनं शिरीषेण पथ्यया वा समन्वितम् । सक्षौद्रं लेपनं योज्यं सर्वाङ्गजगदापहम् ॥**

रसाञ्जन र शिरीषका बोक्रा अथवा रसाञ्जन र हर्रोको धूलो महमा मिसाएर लेप बनाई दल्ने गर्नाले सबै भागमा फैलिएको उपदंश नाश हुन्छ ।

### (ग) भैषज्य रत्नावली :

**रसाञ्जनं शिरीषेण पथ्यया वा समन्वितम् । सक्षौद्रं वा प्रलेपोऽयं सर्वलिङ्गगदापहः ॥**

रसाञ्जन, शिरीषको बोक्रा र हर्रो महमा पिसेर घाउमा लेप दल्नू । अथवा रसाञ्जनलाई महमा मिसाएर लेप दल्नू । यसो गर्नाले सबै खालका उपदंशका विकार नाश हुन्छन् ।

(घ) **योग रत्नाकर :**

**रसाञ्जनं शिरीषेण पथ्यया च समन्वितम् । सक्षौद्रं लेपनं योज्यं सद्यो रोपयति व्रणम्॥**

रसाञ्जन, शिरीषका बोक्रा र हर्रोको धूलो बराबर लिई महमा मिसाएर लेप बनाई दल्ने गर्नाले उपदंशको घाउ चाँडै भरिन्छ ।

(ङ) **शार्ङ्गधर संहिता :**

**रसाञ्जनं शिरीषेण पथ्यया च समन्वितम्॥ सक्षौद्रं लेपनं योज्यमुपदंशगदापहम् ।**

रसाञ्जन, शिरिषको बोक्रा र हर्रो बराबर मात्रामा लिई धुलो बनाउनू महमा फिटेर लेप बनाउनू । यो लेप दल्नाले भिरिङ्गी रोग निको हुन्छ ।

## राजवृक्ष आदिको प्रयोग



(क) **भावप्रकाश संहिता :**

**शम्पाकनिम्बत्रिफलाकिरातक्वाथं पिबेद्वा खदिरासनाभ्याम् ।**
**सगुग्गुलुं वा त्रिफलायुतं वा सर्वोपदंशापहरःप्रयोगः॥**

राजवृक्ष, नीम, हर्रो, बर्रो, अमला र चिराइतो मिसाएर काँढापानी पकाई त्यसमा खयरको धूलो र विजयसाल अथवा गोकुलधूप हालेर अथवा त्रिफला हालेर पिउने गर्नाले सबै किसिमका उपदंश नाश हुन्छन् ।

## लोध आदिको प्रयोग

(क) **अर्कप्रकाश :**

**लोध्रजम्बूवटशिवार्जुनरात्रिसमुद्भवः । अर्कः पानादितो हन्यादुपदंशं नरस्त्रियोः॥**

लोध, जामुनु, बरको जरा, हर्रो, अर्जुन वृक्ष र हलेदो मिसाएर निकालिएको अर्क पिउनाले स्त्री र पुरुषको भिरिङ्गी रोग नाश हुन्छ ।

**(ख) भावप्रकाश संहिता :**

**तिरीटाञ्जनवज्राक्षकोविदारेभकेशरैः । लेपनं पुरुषव्याधौ जलपिष्टैः प्रशस्यते ॥**

लोध, रसाञ्जन, तगर, कोइरालो र नागकेशर पानीमा पिसी लेप बनाएर दल्ने गर्नाले उपदंश नाश हुन्छ । (वङ्गसेन आयुर्वेदमा पनि)

## लोहभस्म आदिको प्रयोग

**(क) रसरत्नाकर :**

**अयोरजस्ताम्ररजस्त्रिफलागैरिकस्तथा । उपदंशं निहन्त्येतद्वृक्षमिन्द्राशनिर्यथा ॥**

लोहभस्म, ताम्रभस्म, त्रिफला र गेरु मिसाएर पानीमा पिसी लेप दल्नाले चटयाङले वृक्ष नाश भएजसरी उपदंश रोग नाश हुन्छ ।

## ल्वाङ आदिको प्रयोग



**(क) रसरत्न समुच्चय :**

**लवङ्गजानां नवकं कर्पूरं चणसम्मितम् । दरदं तोलमानं च सर्वं खल्वे विमर्दयेत् ॥**
**ब्रह्मवृक्षं कोकिलाक्षैः सर्वं यत्नेन मर्दयेत् । यावत्कज्जलसङ्काशं श्यामतां च तथैव हि ॥**
**चतुर्दशसमा काया पुडिका बन्धयेद्भिषक् । रविवारे समादेया ह्यङ्गारे छगणोद्भवे ॥**
**तां निक्षिप्याऽथ सङ्गोप्य नासिकां विवृतां नयेत् । मुखमाच्छाद्य श्वासेन यातयातेन ग्राहयेत् ॥**
**वीटिकापूर्णवदनो द्विवारं कारयेत्सदा । एवं सप्तदिनं कृत्वा पश्चात्स्नानादिकं चरेत् ॥**
**पथ्यं निर्लवणं देयं जलं शीतं निषेवयेत् । अनेन योगराजेन लिङ्गव्याधि प्रशाम्यति ॥**

नौ वटा ल्वाङ, कपूर चनाको दाना जति, हिङ (सिङरफ) एक तोला, पलाँसको बीज एक तोला र तालमखाना एक तोला लिनू । पहिला हिङ र कपूर मिसाउनू र पिस्नू । त्यसपछि अरु ओखती बेग्लाबेग्लै पिस्नू । अनि कपडामा छान्नू । यसपछि पुनः सबै मिसाएर राम्ररी पिस्नू । जब ओखती घोट्दै जाँदा गाजल जस्तो कालो र लेस्याइलो हुन्छ तब यसलाई वैद्यले बराबरका चौध पुरिया बनाउनू । त्यसपछि आइतबारका दिनदेखि रोगीलाई यसको धूमपान गराउन शुरु गर्नू । पहिले धुवाँ रहित गुइँठाको आगोमा एउटा पुरिया हालेर त्यसमाथि एउटा प्वाल भएको बिर्कोले छोप्नू । त्यो प्वालमा पाइप घुसारेर मुखले धूमपान गर्न लगाई नाकका प्वालबाट धुवाँ बाहिर फाल्न लगाउनू । अथवा मुख माथि कुनै कपडा ओढेर त्यो पुरियालाई आगामा हाली साँसले तानेर धुवाँ पिई लामो साले बाहिर फाल्नू । अथवा चौध पुरियाको चौध वटा गोली बनाई सुकाउनू । त्यसमध्येबाट हरेक दिन एक एक गोली चिलिममा राखेर हुक्काका माध्यमले मुखले तान्नू र नाकले फाल्नू । यीमध्ये कुनै पनि विधिले

धूमपान गरेपछि मुख कुल्ला गरी पान खानू । यसरी सात दिनसम्म धूमपान गरेपछि आठौं दिन नुहाउने आदि कार्य गर्नू । यो अवधिमा नुन नहालेका शरीरले सहने खानेकुरा खुवाउनू । चिसो पानी पिउन दिनू । यो उपचार विधिपूर्वक गराउनाले उपदंश चाँडै नाश हुन्छ ।

## सज्जिखार आदिको प्रयोग

**(क) सुश्रुत संहिता :**

**स्वर्जिकातुत्थकासीसं शैलेयं च रसाञ्जनम्॥ मनःशिलासमैश्चूर्णं व्रणवीसर्पनाशनम् ।**

सज्जिखार, तुथो, हीराकसी, पत्थरकुङ्कुम, रसाञ्जन र मनशिला बराबर मिसाई धूलो बनाउनू । यो धूलोले उपदंशका घाउजन्य वीसर्प नाश गर्दछ ।

## सर्सिउँ आदिको प्रयोग

**(क) योग रत्नाकर :**

**पलमात्रे कटुतैले द्व्यक्षं सिक्थं च कर्षमेव पृथक् । कम्पिल्लकं विरोजा सिन्दूरः सौरकं चैव ॥**
**मुर्दाडकं च सर्वं पित्तलपात्रे विपाचितं शिखिना । मन्दं पचेत्प्रमथ्य स्वपाणिनोद्धृत्य तत्सिद्धम्॥**

**सितवस्त्रे संलिप्य व्रणोपरि स्थापयेत्सम्यक् । क्षतभूदेशं सर्वं सशूकदोषं फिरङ्गजं हन्यात्॥**
**शस्त्रकृतं नखजातं दन्तजमाशु व्रणं शिखिजम् । दृष्ट्वा प्रत्ययमेतत्प्रकाशितं बालवोधाय॥**

सर्सिउँको तेल १ पल, मैन २ अक्ष; सिँदुरे, विरोजा, सिन्दूर, सौरक र मुर्दाशङ्ख एक एक कर्ष लिनू । सबै मिसाएर तेलमा हाली पित्तलको भाँडामा सानो आगो बालेर पकाउनू । कुनै काठको पन्यौले चलाउँदै जानू । पाकेर सबै मिसिएपछि झिक्नू । यसबाट अलिकति मलम हातमा लिई सेतो धोइएको कपडामा दली घाउ माथि लगाउनू । यसले घाउ भएको स्थान, शूकदोष, उपदंशजन्य खटिरा आदि नाश हुन्छ । हातहतियार, नङ, दाँत, आगो आदिले हुने घाउ यसले नाश हुन्छ । यो मिश्रण भरपर्दो भएकोले नजान्ने वैद्यले पनि फाइदा लिउन् भनी बताइयो ।

## सारिवाद्यावलेहको प्रयोग

**(क) भैषज्य रत्नावली : सारिवाद्यवलेह**

**सारिवायाः पलशतं जलद्रोणे विपाचयेत् । तस्मिन्पादावशेषे तु गुडूची शतमूलिका ॥**
**विदारी जीवनी त्रिवृत्कटुकी त्रिफला तथा । क्षुद्रैला त्रायमाणा च प्रत्येकार्द्धपलं मितम्॥**
**सुपिष्टं निक्षिपेत्तत्र शीते मधुपलाष्टकम् । क्षीरानुपानयोगेन पिबेत्तोलकसम्मितम्॥**
**प्रमेहाश्चोपदंशश्च मूत्रकृच्छ्रं च पीढिकाः । नश्यन्ति त्वपरे रोगा रक्तदुष्टा भवन्ति ये॥**
**पारदाद्विकृतिश्चापि सन्देहो नात्र कश्चन । मुक्तश्च सर्वरोगेभ्यो बलवर्णाग्निसंयुतः॥**

**मानवः सिद्धकामोऽस्माच्छीघ्रं भवति निश्चितम् ॥**

अनन्तमूल १०० पल हालेर ३२ सेर पानी पकाउनू । पाक्दै जाँदा जब ८ सेर पानी बाँकी हुन्छ तब झिकेर छान्नू । त्यसपछि यो काँढापानीमा गुर्जो, कुरिलो, विदारीकन्द, जीवनीय गणका सबै ओखती, निसोत, कटुकी, वा पिर्रे, त्रिफला, सुकुमेल र मुडिलो : यी ओखती दुई दुई तोला धूलो राम्ररी पिसेर हाल्नू । अनि राम्ररी पकाउनू । जब बाक्लो हुन्छ तब झिक्नू । सेलाएपछि आठ पल मह मिसाउनू । यो ओखती हरेक दिन बिहान एक एक तोला गाईको दूधसँग खाने गर्नू । यसले २० प्रकारका प्रमेह, उपदंश, मूत्रकृच्छ्र, खटिरा र अन्य रगत बिग्रेर हुने रोगहरू चाँडै नाश हुन्छन् । यो ओखती खानाले पारोभस्म खाएर हुने विकार पनि अवश्य नाश हुन्छ । यो खाने पुरुष सबै रोगबाट छुटी बलियो, वर्ण चम्किलो र अति नै बलेको पचानशक्ति हुन्छ । चौंडै नै चाहेको सिद्धि पाउँदछ ।

## सिमल आदिको प्रयोग

(क) **योग रत्नाकर :**

**मोचापूगविभूतिं च कोलत्वक्शङ्खजीरकम् । पिष्ट्वोपदंशे लेपोऽयं पयसा पानमेव च ॥**
**नाशयेदुष्णतां तूर्णं शुष्कान्कुर्याद्व्रणानपि ॥**

सिमलको खोटो एक भाग, खरानी, सुपारीको भस्म एक भाग, बयरका बोक्रा एक भाग, शङ्ख एक भाग र जीरा एक भाग मिसाएर पिसी धूलो बनाउनू । यो धूलो दूधमा पिसेर लेप दल्नू र दूधसँग मिसाएर पिउने गर्नू । उपदंशजन्य घाउको तातोपन चाँडै नाश हुन्छ र घाउबाट तरल पदार्थ बहन बन्द भई सुक्दछ ।

## सुपारी आदिको प्रयोग

(क) **चक्रदत्त, भैषज्य रत्नावली :**

**लेपः पूगफलेनाश्वमारमूलेन वा तथा । सेवेन्नित्यं यवान्नं च पानीयं कौपमेव च ॥**

सुपारीको फल वा करवीरको जरा लेप बनाएर दल्नू पर्दछ तथा जौजन्य पदार्थ र कुवाको पानी पिउनु पर्दछ ।

(ख) **योग रत्नाकर :**

**गुण्डनं लिङ्गदेशस्य लेपः पूगफलेन च ॥**

सुपारी पिसेर लेप दल्नाले पनि उपदंश रोगमा फाइदा गर्दछ ।

**पूगं सुदग्धमेकं तु रसगन्धकांहिङ्गुलम् । खादिरं तुत्थकं चैव मर्दयेन्निम्बुनीरकैः ॥**
**समभागानि सर्वाणि गुटिकां कारयेद्बुधः । उपदंशे घृतैर्लेपस्त्रिदिनाद्व्रणरोपणः ॥**

एउटा सुपारी आगोमा डढाएर पिस्नू । यो खरानी बराबर पारोभस्म, गन्धक, सिंगरफ ?, खयर र निलोतुथो मिसाउनू । कागती रसमा हालेर सबैलाई घोट्नू । त्यसपछि गोली बनाउनू । यो गोली घिउमा मिसाएर उपदंश रोगमा लेप दल्नू । तीन दिनमा नै घाउ भरिन्छ ।

**द्विपलं चिक्कणं पूगं द्विकर्षं सिन्धुसस्यकम् । कर्कारुत्वक्कर्षमिता भृष्टमेतत्त्रिकं भवेत् ॥**
**जम्भोदरगतं तुत्थं पुटपाकविधानतः । पक्वं चणकमानं तु सर्वमेतत्सुखल्वके ॥**
**जम्बीरसलिलैर्मर्द्यं गाढं सिद्धं दिनत्रयात् । उपदंशं चन्द्रकं च व्रणं पूतिप्रमेहकम् ॥**
**पृदाकुवीरुच्छदनलिप्तं खातं निवारयेत् । शर्करासहितं पथ्यं गोधूमान्नं घृतप्लुतम् ॥**

चिल्ला सुपारी २ पल, सिन्धूकका बीज २ कर्ष, तरबुजो वा कुभिण्डाको बोक्रा १ कर्ष मिसाई भुट्नू । निलोतुथो चनाका दानाजति लिई ज्यामिर भित्र हालेर त्यसलाई माटाले लिपी पुटपाक गर्नू । त्यसपछि निलोतुथो निकालेर सुपारी आदिको काँढापानीमा मिसाउनू । यसलाई ज्यामिरको रसमा तीन दिनसम्म घोट्नू । यसलाई पृथाकु (? चिते) को पातमा दलेर खाने गर्नाले उपदंश, चन्द्रिका, खटिरा, पूतिप्रमेह आदि सबै नाश हुन्छ । यो अवधिमा गहुँका परिकार घिउ मिसाएर खाने गर्नू ।

**(ग) वैद्यरहस्य :**



**पूगीफलं हरिद्रां च श्लक्ष्णं पिष्ट्वा प्रलेपयेत् । लिङ्गशोथ व्यथा कण्डू नाशयन्नास्त्यतः परम् ॥**

सुपारी र हलेदो बराबर मिसाई मसिनो हुनेगरी पिसेर लेप दल्नाले जननेन्द्रियको पीडा र चिलाउने क्रम बन्द हुन्छ । यसका लागि योभन्दा उत्तम ओखती अरु छैन ।

## सौराष्ट्र आदिको प्रयोग

**(क) भावप्रकाश संहिता, वङ्गसेन आयुर्वेद :**

**सौराष्ट्र गैरिकं तुत्थं पुष्पकासीससैन्धवम् ।**
**लोध्रं रसाञ्जनञ्चापि हरितालं मनः शिला ॥**
**हरेणुकैलेऽपि तथा समं संहृत्य चूर्णयेत् ।**
**तच्चूर्णं क्षौद्रसंयुक्तमुपदंशेषु पूजितम् ॥**

फिटकिरी (सोरठको माटो, गोपीचन्दन, पित्तल, काँसभस्म), पहेँलो गेरु, निलो तुथो, हीराकसी, सिँधेनुन, लोध, रसाञ्जन, हरिताल, मनशिला, हरेणुक र अलैंची : यी सबै बराबर मात्रामा लिई धूलो बनाएर महमा मिसाई लेप बनाएर दल्ने गर्नाले उपदंश रोग नाश हुन्छ ।

**(ख) योग रत्नाकर :**

**गोपीचन्दनतुत्थे च समभागेन मर्दयेत् । कज्जली जलसंयुक्ता व्रणानां लेपने हिता ॥**

गोपीचन्दन र निलोतुथो बराबर लिई धूलो बनाउनू । यो धूलो पानीमा पिसी उपदंशको घाउमा दल्नु हितकर हुन्छ ।

**(ग) सुश्रुत संहिता :**

**सौराष्ट्रीं गैरिकं तुत्थं पुष्पकासीससैन्धवम् । रोध्रं रसाञ्जनं दार्वीं हरितालं मनःशिलाम् ॥**
**हरेणुकैले च तथा सूक्ष्मचूर्णानि कारयेत् । तच्चूर्णं क्षौद्र संयुक्तमुपदंशेषु पूजितम् ॥**

फिटकिरी, पहेँलो गेरु, निलो तुथो, पुष्पाञ्जन, हीराकसी, सिँधेनुन, लोध, रसाञ्जन, चुत्रो, मनशिला, हरेणुक र अलैँची : यी सबै बराबर मात्रामा लिई धूलो बनाएर महमा मिसाई लेप बनाएर दल्ने गर्नाले उपदंश रोग नाश हुन्छ ।

## हरिताल आदिको प्रयोग

**(क) भावप्रकाश संहिता :**



**पुटदग्धं कृतं भस्म हरितालं मनःशिला । उपदंशविसर्पाणामेतद्धानिकरं परम् ॥**

पुटपाक विधिले हरिताल र मैनशिलाको खरानी बनाएर लेप दल्ने गर्नाले उपदंशजन्य वीसर्प रोग नाश हुन्छ ।

## हर्रोको प्रयोग

**(क) योग रत्नाकर : बालहरीतकीयोग**

**बालपथ्यापलैकं च तुल्यं शाणमितं तथा । निम्बुद्रवेण सम्मर्द्य दृढं सप्तदिनानि वै ॥**
**गुटिकां चणकप्रायां छायाशुष्कां तु कारयेत् । शीतोदकानुपानेन नित्यमेकां प्रदापयेत् ॥**
**घस्राणामेकविंशत्या मुच्यते तूपदंशतः । शोलिगोधूममुद्गाश्च गोसर्पिः पथ्यमीरितम् ॥**

सानो जातको (वा कलिलो) हर्रो एक पल र निलोतुथो एक शाण मिसाई पिसेर कागतीको रसमा सात दिनसम्म घोटिरहनू । त्यसपछि चनाका आकारका गोली बनाएर छायामा सुकाउनू । हरेक दिन बिहान चिसो पानीसँग एक एक गोली खाने गर्नू । २१ दिनसम्म खाएपछि उपदंश रोग नाश हुन्छ । यो अवधिमा मार्सी चामल, गहुँ, मुगी र गाईको घिउ खानु हितकर हुन्छ ।

## हाडको प्रयोग

**(क) रसरत्नाकर :**

**महाशङ्खजलैः पिष्ट्वा तेन लिङ्गं प्रलेपयेत् । लिङ्गरोगं निहन्त्याशु लेपोऽयं लिङ्गरोगहरं परम् ॥**

कञ्चटको हाडलाई पानीमा पिसेर लेप लगाउनाले उपदंश रोग नाश हुन्छ ।

## हीराकसी आदिको प्रयोग

**(क) भावप्रकाश संहिता :**

**शतधौतं प्रयत्नेन लिङ्गोत्थमवचूर्णयेत् । रोगं कासीसचूर्णेन पुरुषः सुखमाप्नुयात् ॥**

उपदंशमा भएको घाउलाई सय पटक राम्ररी धोएर त्यसमाथि हीराकसीको धूलो छर्कनाले त्यसले गर्ने पीडा र रोग नाश हुन्छ ।

**(ख) वङ्गसेन आयुर्वेद :**



**जलधौतं प्रयत्नेन लिङ्गोत्थमवचूर्णयेत् । रोगं कासीसचूर्णेन पुरुषः सुखवाञ्छया ॥**

उपदंशमा भएको घाउलाई हीराकसी मिसाइएको पानीले राम्ररी धोएर त्यसमाथि हीराकसीको धूलो छर्कनाले त्यसले गर्ने पीडा र रोग नाश हुन्छ ।

**(ग) शार्ङ्गधर संहिता :**

**कासीसं द्वे निशे मुस्तं हरितालं मनः शिलाम् । कम्पिल्लकं गन्धकञ्च विडङ्गं गुग्गुलुन्तथा ॥**
**सिक्थकं मरिचं कुष्ठं तुत्थकं गौरसर्षपान् । रसाञ्जनञ्च सिन्दूरं श्रीवासं रक्तचन्दनम् ॥**
**अ(इ)रिमेदं निम्बपत्रं करञ्जं सारिवां वचाम् । मञ्जिष्ठां मधुकं मांसीं शिरीषं लोध्रपद्मकम् ॥**
**हरीतकीं प्रपुन्नाटञ्चूर्णयेत् कार्षिकान् पृथक् । ततश्च चूर्णमालोड्य त्रिंशत्पलमिते घृते ॥**
**स्थापयेत्ताम्रपात्रे च घर्मे सप्तदिनानि च (वधि) । अस्याभ्यङ्गेन कुष्ठानि दद्रुपामाविचर्चिकाः ॥**
**शूकदोषा विसर्पाश्च विस्फोटा वातरक्तजाः । शिरःस्फोटोपदंशाश्च नाडीदुष्टव्रणानि च ॥**
**शोथो भगन्दरश्चैव लूताः शाम्यन्ति देहिनाम् । शोधनं रोपणञ्चैव सवर्णकरणं घृतम् ॥**

हीराकसी, हलेदो, चुत्रो, नागरमोथे, हरिताल, मनशिला, कम्पिल्लक, गन्धक, वायुविडङ्ग, गोकुलधूप, मैन, कालोमरिच, कूट, तुथो, सेतो सर्सिउँ, रसाञ्जन, सिन्दूर, तार्पिनको तेल (श्रीवास), रक्तचन्दन, गनाउने खयरको बोक्रा, नीमको पात, कुबेराक्षका गेडा, अनन्तमूल, बोझो, मजिठो, जेठीमधु, जटामसी, शिरीषको बोक्रा, लोध, पैयुँ, हर्रो र ताप्रेका गेडा : यी सबै ओखती एक एक कर्ष लिनू ।

सबैलाइ कुटीपिसी धुलो बनाउनू । यसपछि तीस पल घिउमा यो धुलो घोली कुनै तामाका भाँडामा हाली सात दिनसम्म घाममा सुक्न दिनू । अनि पूर्ववर्त पकाई घिउ बनाउनू । यसपछि यो घिउलाई शरीरमा दल्नाले कुष्ठ, दाद, पामा, लुतो, शूकदोष, विसर्प, विस्फोट, वातरक्त, टाउकाका खटिरा, उपदंश, जरो, गढेका खटिरा, खराब खटिरा, सुजन, भगन्दर र माकुरोले मुत्दा शरीरमा उठ्ने फोका नाश हुन्छन् । यो घिउले घाउखटिरा शुद्ध पारी भर्दछ र छालाको चमकलाई पहिलेको जस्तै बनाउँदछ ।

॥ समाप्त ॥